महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
देवदह नगरपालिका
रुपन्देही

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७९ आषाढ

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौ, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ९१४

मितिः २०७९।३।२४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू
देवदह नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
रुपन्देही ।

कैफियत सहितको राय

हामीले देवदह नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. देवदह नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.२ करोड ४० लाख १९ हजार बेरुजू देखिएको छ। सो मध्ये असुल गर्नुपर्ने रू.४३ लाख ९४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३२ लाख ३२ हजार, नियमित गर्नुपर्ने रू.१ करोड ३३ लाख १३ हजार र पेश्की रू.३० लाख ८० हजार रहेको छ ।पालिकाको गतवर्षसम्म रु ७ करोड ३१ लाख ७० हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ८ करोड ७४ लाख ६३ हजार रहेको छ । देवदह नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. देवदह नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण मरासिनी)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

देवदह नगरपालिका

बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या			दफा संख्या			दफा संख्या			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
६१	३०	२४०१९	०	०	०	६१	३०	२४०१९	४३९४	१३३१३	३२३२	०	०	२०९३९	३०८०

अद्यावधिक बेरुजू स्थिति
२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
रुपन्देही	७३१७०	०	९७२६	६३४४४	०	२४०१९	८७४६३

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : देवदह नगरपालिका, रुपन्देही , देवदह नगरपालिका , रुपन्देही

पद	**नाम**	**कार्यकाल सुरु मिति**	**कार्यकाल समाप्त मिति**
कार्यालय प्रमुख	डिल्लीराज बेल्वासे	२०७७-१०-२१	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	पिताम्बर पाण्डे	२०७७-५-१०	
कार्यालय प्रमुख	हरिदत्त कंडेल	२०७७-४-१	
लेखा प्रमुख	निरज पौडेल	२०७७-८-११	
लेखा प्रमुख	कृष्ण प्रसाद ज्ञवाली	२०७७-४-१	
		बेरुजु रकम	२४,०१९,२०७

स्थानीय तह :

https://nams.oag.gov.np

गत बर्षको जिम्मेवारी		१६,७३,३५,८५८.३९	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	५०,८४,५२,५४०	**चालु खर्च**	३८,५४,८०,४१८.४२
प्रदेश सरकारबाट अनुदान	५,०५,३५,२३८	**पूँजीगत खर्च**	२८,०९,९६,३६२
राजश्व बाँडफाँट	१६,४५,०६,२५३.७९	**वित्तीय/अन्य व्यवस्था**	१७,३७,८१,४५२.१७
आन्तरिक आय	६,५७,६४,०४१.२		
अन्य आय	१०,२९,६५,१३०.३५		
कुल आय	८९,२२,२३,२०३.३४	**कुल खर्च**	८४,०२,५८,२३२.५९
बाँकी मौज्दात		२१,९३,००,८२९.१४	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** **परिचय**–स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस देवदह नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु देवदह नगरपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत १२ वडा, ६५ सभा सदस्य, १२६.९५ वर्ग किलोमिटर क्षेत्रफल तथा ५३५२३ जनसंख्या रहेको छ ।	
२			**स्थानीय संचित कोष** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६९ र ७२ वमोजिम यस पालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान र सहायता आन्तरिक आम्दानी र स्थानीय सरकारबाट संचालन भएको आयोजनाहरु समेतको आयव्यय हिसावको आर्थिक वर्ष २०७७।७८ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम छ ।	

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी		१६७३३५८५८.३९	१	चालु खर्च		385480418.42
	क) नगद			२	पूँजीगत खर्च		280996362
	ख) बैक संचित कोष	१५२२१८५१६.८९					
	घ) बैंकमौज्दात धरौटी खाता	९६८६९५५					
	ग.) कोष खाताको बैक मौज्दात	५४३०३८६.५					
				३	वित्तिय व्यवस्था भुक्तानी		173781452.17
२	राजस्व (आन्तरिक आय)		230270294.99		क) अनुदान फिर्ता	107028991.17	
	क) आन्तरिक राजस्व	65764041.2			ख) धरौटी फिर्ता	6961493	
	ख) राजस्व बाँडफाँड	164506253.79			ग) विभाज्य कोष खाताबाट ट्रान्सफर खर्च	36500301	
					घ)विपद व्यवस्थापन कोष खर्च	23290667	
	ग) अन्य आय			४	लगानी		
३	वित्तिय हस्तान्तरण संघ		508452540		ऋण लगानी		
	क) वित्तिय समानीकरण अनुदान	152900000			शेयर लगानी		
	ख) सशर्त अनुदान	339652540			अन्य लगानी		
	ग) समपूरक अनुदान	15900000		५	धरौटी फिर्ता		
	घ) विशेष अनुदान			६	जनश्रमदान फिर्ता		
४	प्रदेश सरकारबाट प्राप्त अनुदान		50535238	७	कोष फिर्ता		
	क) वित्तिय समानीकरण अनुदान	५६७००००		८	मौज्दात		
	ख) सशर्त अनुदान	१७८५००००			क) बैंक मौज्दात		219850829.14
	ग) समपुरक अनुदान	१९०२४०००			ख) संचित कोष मोज्दात	167970818.29	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

					ग) विविध कोष खाता	460902.5	
					घ) कर्मचारी कल्याण कोष खाता	4000000	
					घ) स्थानीय तह प्रकोप व्यवस्थापनकोष	1039582.5	
					ङ) विभाज्य कोष खाता	33651252.75	
	घ) विशेष अनुदान	७००००००		९	शसर्त अनुदान फिर्ता		
	(ङ) अन्य अनुदान	991238					
५	अन्तर स्थानीय तहबाट प्राप्त			१०	गत बर्षको बढी अल्या		
६	अन्य			११	जनश्रमदान मौज्दात		
	क) क्षेत्रीय शहरी विकास योजना			१२	धरौट मौज्दात	12178273.1	
	ख) सडक बोर्ड नेपाल			१३	महिला तथा वाल विकास कोष खाता	550000	
	ग) पर्यटन बोर्ड नेपाल						
	घ) एन एन एस डब्लु ए						
७	विभिन्न कोषतर्फको आय		103515130.35				
८	जनसहभागिता (नगद)						
९	विषयगत निकायबाट प्राप्त						
१०	धरौटी आय	9452811.1					
११	महिला तथा वाल विकास कोष खाता	550000					
१२	स्थानीय तह प्रकोप व्यवस्थापनकोष	२२२६०७६५.५					
१३	विभाज्य कोषमा प्राप्त रकम	70151553.75					
१४	विविध कोष आय	100000					
१५	कर्मचारी कल्याण कोष आय	1000000					
	जम्मा		1060109061.73		जम्मा		1060109061.73

३

छलफलको व्यहोरा

लेखापरीक्षणमा पेश भएको स्रेस्ता तथा आर्थिक कारोबारहरूको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरिएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरू उपर मिति २०७८।११।... मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरू निम्न अनुसार छन् :

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४			**सम्पत्ति संरक्षण**	
४.१			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा साविकको गाउँ विकास समितिको चल अचल सम्पत्ति, दायित्वको सम्पूर्ण अभिलेख समेत देखिने गरी एकिकृत अभिलेख तयार भएको छैन । पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा सम्पूर्ण हस्तान्तरित चल अचल सम्पत्ति तथा दायित्वको अभिलेख प्रविष्टि गरी एकीकृत अभिलेख प्रतिवेदन तयार गर्नु पर्दछ ।	
४.२			सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/ अभिलेख राख्नु पर्दछ ।	
५			**वित्तीय विवरण**	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५.१			आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको पूँजीगत खर्चको विवरणअनुसार बार्षिक रु.२८ करोड ९ लाख ९६ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.१ करोड २९ लाख ९४ हजार अर्थात ४.६२ प्रतिशत, दोश्रो चौमासिकमा रु.६ करोड ५३ लाख ७२ ,अर्थात २३.२६ प्रतिशत र तेश्रो चौमासिकमा रु.२० करोड २६ लाख २९ हजार मात्र अर्थात ७२.११ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.१५ करोड ३१ लाख ९० हजार अर्थात ५४.५१ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।	
५.२			कल्याण कोष– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष राजस्व वाँडफाडबाट कर्मचारी कल्याण कोषमा रु.१०००००० ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । नगरपालिकाले कानूनको व्यवस्था गरि कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५.३			वित्तीय विवरण–स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।सञ्चित कोषको कारोवारको लेखा अध्यावधिक गरी कारोवारलाई पारदर्शी बनाउन आवश्यक देखिन्छ । • स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दातमा फरक देखिएको छ ।पालिकाले बैंक समायोजन हिसाब अनुसार चेक साट्न वाँकी रहेको कारण पेश गरेको छ । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । • कतिपय सम्बन्धित आर्थिक कारोबारहरूको गोश्वरा भौचर बजेट शीर्षकगत बैंक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैंक मैज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरूको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणत्मक नरहेको अवस्था छ । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाइएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
६			**आन्तरिक नियन्त्रण प्रणाली**	
६.१			आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन,अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन । • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची 14 वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन। • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन । • स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरू गठन गरेको पाइएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो। • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो • वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन । • साना तथा ठुला सवै निर्माण कार्यको नापी किताव कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटाइज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ । • अधिकांश सडक तथा कुलो÷नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं.उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ । • जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्वन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ । • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन । • मुल्य अभिवृद्धि कर नियमावली, २०५३को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्त्यमा मात्र दिइएको तथा इ टीडिएस नगरेको । • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन । • सार्वजनिक खरिद नियमावली, २०६४को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन। • वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको । • सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन । • निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन । • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा पालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६.२			सूचना प्रविधी पद्धतिः सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control) Developer सँग नै रहेको, प्रवेश नियन्त्रण (access control) अन्तिम रुपमा कार्यालयको आई.टी शाखामा मात्र रहेको पाईयो । कार्यालयले आन्तरिक नियन्त्रण कायम हुने गरी राजश्व सम्वन्धी अवस्थाको प्रवेश नियन्त्रण (access control) राजश्व संकलन गर्ने व्यक्ति, लेखा राख्ने व्यक्ति र कार्यालय प्रमुख समेतमा रहने गरी विकास गरिनु पर्दछ । कार्यालयको सफ्टवेयर संचालन सम्बन्धी समग्र अवस्था निम्नानुसार रहेको छः • कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको, •सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको, •सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको, • सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको । कार्यालयले सूचना प्रविधी नियन्त्रण वातावरणमा आन्तरिक नियन्त्रण कायम गरी स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी राजश्व तथा अभिलेख व्यवस्थापन गरिनु पर्दछ ।	
६.३			भ्रमण खर्च : लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन्. • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । • कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको । • स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।	
६.४			बेरुजु अभिलेख: मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । पेश्की तथा बेरुजुको एकिकृत विवरण तयार गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७			**खरिद व्यवस्थापन**	
७.१			कार्य सम्पन्न प्रतिवेदन - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ वमोजिम सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ती गरिएको मालसामान वा प्रदान गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्नेमा सो नभएकोले कार्य स्वीकार प्रतिवेदन पेश गर्नु पर्दछ ।	
७.२			माल सामानको गुणस्तर परीक्षणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन्ः • कार्यालयमा मालसामान प्राप्त भएपछि खरिद सम्झौतामा उल्लेख भए अनुसार स्पेसिफिकेशन तथा गुणस्तर सम्बन्धी मापदण्ड पुरा गरे नगरेको खुल्ने गरी परीक्षण केन्द्रीय सहित नियमको व्यवस्था बमोजिम प्राविधिक स्पेशिफिकेशन तथा गुणस्तर सम्बन्धी सर्त पुरा गरे नगरेको प्रतिवेदन पेश गर्ने गरको पाइएन । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण केन्द्रीय (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ । •मालसामान खरिद गरी सम्बन्धित आपूर्तिकर्तालाई भुक्तानी गरेकोमा निरीक्षण÷परीक्षण गर्न गठन गरिएको बोर्डले तयार गर्नेगरेको खोलुवा फाराम समेत नलिई भुक्तानी गरेकोले उक्त भुक्तानी नियम सम्मत देखिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७.३			सार्वजनिक परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । कार्यालयले सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई सुनिश्चित हुने गरी कार्य गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	
८			**पदाधिकारी सुविधा**	
८.१			पदाधिकारी अन्य सुविधाः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम १ मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ३ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने, विल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ३ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा १ हजार रुपैंया भन्दा कम रकमको टेक्सी रिक्सा भाडा कुल्ली खर्च र दक्षिणा भन्ने उल्लेख छ । लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३,४,५,६,७,८ र ९ संग सम्बन्धित अनुसुची अनुसार स्थानीय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट,जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरुलाई यो वर्ष यातायात सुविधा रु.४४१००००/-, टेलिफोन तथा मोवाइल रु.२०७००००/-, पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु.१९८००००/-, समन्वय तथा सहजीकरणमा रु.३२२८०००/-, अतिथि सत्कारमा रु. १०२००००/-, खानेपानी र सरसफाईमा रु.१२००००/-, र चाडपर्व खर्चमा रु.५४५०००/- समेत रु.१३३७३०००/- खर्च भुक्तानी गरेको देखियो । कार्यालयले उल्लिखित अनुसारको रु.१३३७३०००/- भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उदेश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ ।	
८.२			विविध खर्चः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले विविध खर्च अन्तरगत यसवर्ष नगरपालिकाका लागि रु.२१ लाख खर्च गरेको छ । विविध खर्च शिर्षकमा खर्च गरेकोमा खर्चको विल पेश भएको भएतापनि खर्च गर्नुपर्ने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । विविध खर्चको स्पष्ट उद्देश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी खर्च भुक्तानी दिने परिपाटीमा नियन्त्रण हुनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८.३			आर्थिक सहायता – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. ५ लाख आर्थिक सहायता वितरण गरेका छ । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
९			**पेश्की बाँकी** पेश्की बाँकीः आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम ४७ अनुसार दिईएको पेश्की लिने व्यक्ति तथा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र खर्च प्रमाणित गर्ने आवश्यक बील भरपाई र कागजात सहितको प्रतिवेदनका आधारमा कार्यालय समक्ष पेश गर्नुपर्ने र कार्यालयले पेश भएको सात दिनभित्र फछ्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । नियम 52(3) अनुसार कार्यालयले म्याद नाघेको पेश्कीको निम्नानुसार विवरण तोकिएको समयमा नै कार्य सम्पन्न गरी पेश्की फछ्यौट गर्ने पर्ने रु	३,०८०,०००

क्र स	पेश्की लिनेको नाम	रकम	कैफियत
१	हर्कवहादुर दानी	४८००००	म्याद नाघेको पेश्की
२	श्री सितामा वि	१८०००००	म्याद नाघेको पेश्की
३	केरवानी मावि	८०००००	म्याद नाघेको पेश्की

मोविलाइजेशन पेश्की

क्र स	पेश्की लिनेको नाम	रकम	कैफियत
१	अभियन्ता कन्स्ट्रक्सन प्रा लि	१८४८०००	मोविलाइजेशन पेश्की
२	कोरल निर्माण प्रा लि	७७०००	मोविलाइजेशन पेश्की
३	भुसाल निर्माण सेवा	८१४०००	मोविलाइजेशन पेश्की
४	ओम सत्यसाई(भिमज्योति।ओम इन्फ्राटेक जे भि)	११८९५०००	मोविलाइजेशन पेश्की

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
				५	एम आर कृशभ निर्माण सेवा जे भि	१६००००००	मोविलाइजेशन पेश्की		
				७	कोरल निर्माण सेवा	६०००००	मोविलाइजेशन पेश्की		
१०			**संगठन तथा कर्मचारी व्यवस्थापन**						
१०.१			प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १५४ जना दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १३१ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार विभिन्न २३ पदहरू रिक्त देखिन्छ ।दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । रिक्त पदहरू पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।						
१०.२			निजामती सेवा ऐन, २०४९ को दफा ७ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले कमर्चारीहरूको तलवी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । पालिकाले तलबी प्रतिवेदन पास गरि खर्च लेख्नुपर्दछ ।						
१०.३			कर्मचारी प्रोत्साहन भत्ता - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष रु.४३४०७५५/- प्रोत्साहन भत्ता खर्च गरेको नियमित नदेखिएको रु						४,३४०,७५५
११			**आन्तरिक आय**						

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११.१			व्यवसाय कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु २५२०९८० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।	
११.२			प्राकृतिक श्रोत उत्खनन कार्ययोजनाः प्रदेश नं.५ नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा ४ अनुसार प्रत्येक स्थानीय तहले उत्खनन र सङ्कलन गर्न हुने र नहुने क्षेत्र, नदीजन्य पदार्थ उपलब्ध हुने नदी, खोला, खोल्सी, खहरे तथा नदी उकास क्षेत्रको विवरण र उपलब्ध हुनसक्ने अनुमानित वार्षिक परिमाण, पूर्वाधार निर्माणको लागि चाहिने परिमाण र स्रोतको उपलब्धता, भण्डारण वा घाटगद्दी स्थल, बिक्री वितरणको प्रक्रिया, सङ्कलनको विधि र प्रयोग हुने मेशिनरी औजार, प्राप्त हुने अनुमानित आम्दानी लगायतका बिषयहरु समावेश गरी नदीजन्य पदार्थ उत्खनन, सङ्कलन घाटगद्दी र बिक्री वितरण सम्बन्धी कार्ययोजना बनाउनु पर्ने उल्लेख छ । कार्यालयले यस बर्ष नदिजन्य पदार्थ उत्खनन गरेकोमा ऐनले निर्धारण गरे बमोजिमको कार्ययोजना तयार गरेको पाइएन । समयमा नै कार्ययोजना तयार गरी वातावरणीय अध्ययन प्रतिवेदन अनुसारको परिमाणमा नदिजन्य पदार्थको उत्खनन,घाटगद्दि र निकासी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।	
११.३			हाटबाजर ठेक्काः नगरपालिकाको आ.व. २०७७।७८ मा मङ्गलेबारे हाटवजार ठेक्का संचालन सम्झौता वुदा नं ४ अनुसार कुनै पनि कारणले वजार नलागेमा क्षतिपुर्ति दावी गर्न नपाइने गरि सम्झौता गरेको छ । मङ्गलेवारे हाटवजार ठेक्का सम्झौता अनुसार ठेकेदार श्री कपिलदेव जर्घाले मिति २०७७।१२।३० मा रु ६४२४२ मा कबुलियत लिएको देखिन्छ । सम्झौता विपरित नगरकार्यपालिकाले वजार संचालन हुन नसक्ने कारण देखाइ निजलाइ रु ४९४१६ फिर्ता दिने निर्णय गरेको छ । सम्झौता अनुसार क्षतिपूर्ति नपाउने अवस्थामा पनि रकम फिर्ता दिएको ठेकेदार कपिलदेव जर्घावाट असुल गर्नुपर्ने रु	४९,४१६

क्रम	कर्मचारीको/फर्म/संगठन नाम	असुली रकम
११.३.१	कपिलदेव जर्घावाट	४९,४१६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११.४			सफ्टवेयरको प्रयोग गरी राजश्व आम्दानी गर्दा रद्ध भएका रसिदहरुको चेक एण्ड व्यालेन्सको लागि एक तह भन्दा माथिबाट सोको निरिक्षण भई गल्ती भएका रसिदहरु पनि एक तह भन्दा माथिबाट नै सच्याउने व्यवस्था मिलाउनुपर्दछ । सफ्टवेयरको साधारण परिक्षणबाट रसिद काट्नेले नै सो गल्ती सच्याई नगदि रसिद रद्ध गर्न मिल्ने देखियो । यसबाट कार्यालयले यथार्थ राजश्व आम्दानी गरेको छ भन्ने सम्बन्धमा आश्वस्थ हुन सकिएन । राजश्व संकलन जस्तो संवेदनशिल विषयमा संकलन गरेको रसिद रद्ध भएमा वा रसिद सच्याईएमा सोको अन्तिम निरीक्षण गरी चेकजाँच गर्न सक्ने गरी कार्यालय प्रमुखले जानकारी पाउने अवस्था देखिएन । राजश्व रसिद रद्ध राजश्व परामर्श समितिमा छलफल पश्चात कार्यालय प्रमुख र लेखा प्रमुखले सच्याउने व्यवस्था मिलाउनु पर्दछ ।	
१२			**अनुदान** क्याम्पसलाई अनुदान– शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन निर्देशिकामा स्थानीय तहवाट सम्पादन हुने शैक्षिक क्रियाकलाप अन्तर्गत माध्यमिक बिद्यालय तहसम्म तलव तथा अन्य बिद्यालय गतिविधिसंग सम्बन्धित क्रियाकलापमा खर्च गर्न सक्ने व्यवस्था गरेको छ । सो विपरित योजना परिवर्तन गरी तथा अन्य शिर्षकबाट देवदह आदर्श वहुमुखि क्याम्पसलाइ रु १०००००० अनुदान दिएको छ । भर्ना, मासिक शुल्क लगायत बिभिन्न शुल्क उठाउने गरेको क्याम्पसले बिश्वबिद्यालयबाट अनुदान तथा प्रदेश सरकारवाट समेत अनुदान पाउने गरेकोमा गाउँपालिकाको कार्यक्षेत्र बाहिर गई क्याम्सलाई अनुदान दिएको नियमसम्मत नदेखिएको रु.	१,०००,०००
१३			**शिक्षक दरबन्दी र पदपूर्ति** पालिकाले उपलब्ध गराएको विवरण अनुसार सार्वजनिक विधालयहरुमा शिक्षकको दरबन्दी निन्म बमोजिम रहेको पाइन्छ । जसमा सबैभन्दा बढी दरबन्दी भएको विधालय केरवानी मा वि जसमा शिक्षकको दरबन्दी २५ जना र पदपूर्ती पनि २४ जना रहेको छ भने सबैभन्दा कम दरबन्दी भएको विधालय कामधेनु गुरुकुल रहेको छ जसमा शिक्षकको दरबन्दी ० वटा रहेको देखिन्छ । यस सम्बन्धमा पालिकाले दरबन्दी मिलान गरी दरबन्दी नभएको वा दरबन्दी कम भएको विधालयमा दरबन्दी बढाउनका लागि पहल गरी दरबन्दी अनुसार पदपूर्ती गरी पठनपाठनलाई सुचारु गर्न आवश्यक देखिन्छ ।	

विधालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ती	पदपूर्ती मध्ये करार	विधार्थी संख्या
साईबाबा विधापिठ आ वि	२	२	०	५८
सन्दीप आ वि	३	३	०	६२
उदय आ वि	३	३	२	३४

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
				व्यास आ वि	३	३	१	७८		
				जनकल्याण आ वि	२	२	०	४३		
				कालिका आ वि	२	२	०	८५		
				शान्तिप्रिय आ वि	३	३	०	८२		
				फुलवारी आ वि	३	३	१	१०८		
				लक्ष्मि आ वि	२	२	२	९५		
				पेटवनिया आ वि	२	२	१	७४		
				सुकुन्धरादेवि आ वि	३	३	३	९२		
				मदरसा इस्लामिया	०	०	०	११०		
				कामधेनु गुरुकुल	०	०	०	१८		
				सरस्वति आ वि	५	५	०	८५		
				कोटहि आ वि	६	६	०	१२५		
				जनता आ वि	८	८	४	२६९		
				शंकर आ वि	७	७	२	३२१		
				देवदह मा वि	१७	१७	१२	७५०		
				केरवानी मा वि	२५	२४	५	१२८५		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
				जनप्रिय मा वि	१५	१५	३	५६९		
				ज्ञानज्योति मा वि	६	६	२	२४१		
				सिता मा वि	११	११	६	७४८		
				जनता मा वि	८	८	२	३७४		
				युगज्योति मा वि	१६	१६	१०	७९१		
				महामाया भवानी मा वि	२१	२१	३	७१४		
				सरस्वति मा वि	९	९	५	३५८		
				खडग मा वि	१२	१२	२	४४३		
				भविष्य निर्माण मा वि	२०	२०	११	७९७		
				सिङगटन मा वि	१७	१६	१२	९१९		
				प्रगति मा वि	१०	१०	४	५६७		
				जम्मा	२४१	२३९	९३	१०२९५		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१४			**समानिकरण अनुदानबाट शिक्षकको तलब** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका ७ वटा विधालयहरुमा १२ जना शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट जनहि रु २५००० का दरले रु. ४०२००००।- तलब भत्ता भुक्तानी गरेको पाईयो । दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गरी अनुदान दिने व्यवस्था हुनु पर्दछ ।	
१५			**निशुल्क पाठयपुस्तक** पालिकाले पालिका भित्र रहेका विधालयहरुलाई पाठ्यपुस्तकको अनुदान वितरण गर्दा अनुदान रकम बराबरको पाठ्यपुस्तक खरिदको सकल बिल र खरिद गरिएको पुस्तकको वितरणको भरपाई सुरक्षित साथ राख्नु पर्दछ । तर पालिकाले उपलब्ध गराएको विवरण अनुसार अधिकांश विधालयको खरिद बिल राखेको छैन र राखेका खरिद बिल पनि सकल राखेको पाईएन । पालिकाले जनाए अनुसार अधिकाशं विधालयहरुको पाठ्यपुस्तकको रकम अपुग रहेको जनाएको छ ।	
१६			**कानून निर्माण र कार्यन्वयन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २४ वटा ऐन, २ वटा नियमावली, २० कार्यविधि लगायत ५४ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। तसर्थ आवस्यक कानूनहरु निर्माण गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।	
१७			**न्यायिक समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ७५ र यो बर्ष थप भएको गरी कुल १६२ विवाद दर्ता भएकोमा ४५ वटा मात्र मेलमिलापबाट, ३० वटा अदालतबाट, ३ वटा उजुरी फिर्ता र १ वटा खरेजी गरी ७९ फछ्र्यौट भएको र ८३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१८			**बजेट पेश, पारित र अख्तियारी** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले आयव्ययको विवरण असार १० गते प्रस्तुत भई असार २६ गते पारित भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था भएकोमा साउन १७ गते मात्र अख्तियारी प्रदान गरेको पाइयो । तसर्थ कानुनले तोकेको समयमा अख्तियारी प्रदान गर्ने तर्फ ध्यान दिनुपर्दछ ।	
१९			**बजेट सिमा निर्धारण समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
२०			**बजेट तथा कार्यक्रम तर्जुमा समिति** सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२१			**क्षेत्रगत बजेट र खर्चको स्थिति** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।	

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	63099540	29050415	46.03
सामाजिक क्षेत्र	381289300	288417315	75.64
पूर्वाधार विकास क्षेत्र	338752700	197703468	58.36
वातावरण र विकास	15800000	8884531	56.23
वित्तीय व्यवस्थापन र सुशासन	26303000	5796509	22.03
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	156497000	136669541	87.33

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये कार्य सञ्चालन तथा प्रशासनिक खर्चमा सबैभन्दा बढी ८७.३३ प्रतिशत र सबै भन्दा घटी वित्तीय व्यवस्थापन र सुशासन क्षेत्रमा ८५.४६ प्रतिशतबजेट विनियोजन गरेको देखिन्छ ।

२२			**अभिलेख र श्रोत नक्साङ्कन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था बमोजिम कतिपयको प्रोफाइल तयार गरेको तथा कतिपयको तयार गरिएको तर व्यवस्थित तरिकाले नरहेकोले सबैको प्रोफाइल तयार गरी व्यवस्थित तरिकाले राख्नु पर्ने देखिन्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३			**चौमासिक पूजीगत खर्च** आर्थिक कार्यविधि तथा वितियउत्तरदायित्व नियमावली को नियम ३५ बमोजिम स्वीकृत भएको अनुसुची २ बमोजिकको ढाचामा चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप असारमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । <table><tr><td rowspan="2">बजेट शिर्षक</td><td rowspan="2">कुल रकम</td><td colspan="4">चौमासिक खर्च (रु हजारमा)</td></tr><tr><td>प्रथम चौमासिक</td><td>दोस्रो चौमासिक</td><td>तेस्रो चौमासिक</td><td>असार महिना</td></tr><tr><td>चालुतर्फ</td><td>३८५४८०</td><td>११५८२८</td><td>९८०९६</td><td>१७१५५५</td><td>९३१९०</td></tr><tr><td>पूजीगत तर्फ</td><td>२८०९९६</td><td>१२९९४</td><td>६५३७२</td><td>२०२६२९</td><td>१५३१९०</td></tr><tr><td>जम्मा</td><td>६६६४७६</td><td>१२८८२२</td><td>१६३४६८</td><td>३७४१८४</td><td>२४६३८०</td></tr><tr><td>प्रतिशत</td><td></td><td>19%</td><td>25%</td><td>56%</td><td>37%</td></tr></table> पालिकाले उपलब्ध गराएको विवरणअनुसार पूँजीगत खर्चतर्फ वार्षिक रू. २८ करोड ९ लाख ९६ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रू. १ करोड २९ लाख ९४ हजार अर्थात ४ प्रतिशत, दोश्रो चौमासिकमा रू. ६ करोड ५३ लाख ७२ हजार, अर्थात २३ प्रतिशत र तेश्रो चौमासिकमा रू. २० करोड २६ लाख २९ हजार मात्र अर्थात ७२ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै असार महिनामा मात्र रू. १५ करोड ३१ लाख ९० हजार अर्थात ५४ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ	
२४			**जोखिमको पूर्वतयारी** पालिकाले कोभिड १९ को संभावित लहरको आँकलन र पूर्वतयारी सम्बन्धमा विभिन्न कार्यहरु गरी खर्च लेखेको देखिन्छ । जसमा क्विक टिम गठन गरी १२ वटा वडामै कोरोना सम्बन्धि प्रचार प्रसारका लागि रु १२७२८७ खर्च गरेको र अस्थायि कोरोना अस्पताल स्थापनाका लागि रु ५११२६४१ खर्च गरी जम्मा पूर्वतयारीका लागि रु ६३९९२८ खर्च लेखेको देखिन्छ ।	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२५			**कोभिड आम्दनी र खर्च** कोभिड १९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा कार्यालयले पेश गरेको विवरण अनुसार आर्थिक वर्षको मसान्त सम्म आम्दानी रु. २,३२,९०,६६७।- प्राप्त गरी रु. २,३२,९०,६६७।- खर्च गरेको छ भने खर्चतर्फ क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन र आईशोलेसन केन्द्र निर्माण व्यवस्थापनमा सबैभन्दा बढी खर्च गरेको देखिन्छ । जसको विवरण देहायअनुसार रहेको छ ।	

बजेट/आम्दानीको स्रोत	२०७८ असार मसान्तसम्म प्राप्त रकम	खर्च शीर्षक	२०७८ असार मसान्तसम्म खर्च रकम
संघीय सञ्चित कोषबाट		राहात वितरण	१४८०५००
प्रदेश सञ्चित कोषबाट		क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन	५६६५०००
स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको	४८०००००	आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन	५००००००
संघीय कोभिड कोषबाट	१००००००	जनशक्ति परिचालन	३३९७९५५
प्रदेश कोभिड कोषबाट		औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद	३०३४०००
अन्य स्रोतबाट प्राप्त	१७४९०६६७	स्वास्थ्य पूर्वाधार निर्माण	११९००००
		अन्य शीर्षकमा भएको खर्च	३५२३२१२
		बाँकी	
जम्मा	२३२९०६६७	जम्मा	२३२९०६६७

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२६			**जोखिम भत्ता** जोखिम भत्ताको सम्बन्धमा नेपाल सरकारले जारी गरेको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ बमोजिम पहिलो पंतिमा काम गर्ने कर्मचारीलाई ७५ प्रतिशत र दोस्रो पंतिमा काम गर्ने कर्मचारीलाई ५० प्रतिशत जोखिम भत्ता उपलब्ध गराउन सक्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार कोभिड १९ माहामारीमा प्रत्यक्ष संलगन रहेका स्वास्थ्य क्षेत्रका कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप ४५ जना स्वास्थ्य कर्मिहरुलाई जोखिम भत्ता रु ३३९७३५४.६६ र १२ जना सुरक्षाकर्मिलाई जोखिम भत्ता रु ९५७८९२ गरी जम्मा जोखिम भत्तामा रु ४३,५५,२४६.६६ खर्च लेखेको पालिकाले जनाएको छ । तसर्थ जोखिम भत्ता सम्बन्धि आदेशको पालना गरे नगरेको बारे यकिन गर्न सकिएन ।	
२७			**क्वारेन्टीन र आईसोलेशन व्यवस्थापन** पालिकाले उपलब्ध गराएको विवरण अनुसार १ वटा मात्र आइसोलेशन सेन्टर देवदह अस्थायी कोरोना अस्पताल रहेको जसमा दैनिक १० जनाको क्षमता कुल बस्नेको संख्या १०९ जना र जम्मा लागत खर्च रु ३५७२५१ जनाएको देखिन्छ । त्यसतै, क्वारेन्टीन र होल्डिङ सेन्टर व्यवस्थापनमा निम्न बमोजिम खर्च गरेको देखिन्छ ।	

क्रस	यस निकायले तयार वा सञ्चालन गरेको क्वारेन्टिन/होल्डिङ सेन्टरको नाम	निर्माण खर्च	बेड संख्या	क्वारेन्टिनमा बस्नेहरुको		सञ्चालन ब्यबस्थापन प्रयोजनको खर्च
				दैनिकरुपमा बसेको अधिकतम संख्या	आषाढ मसान्त सम्म क्वारेन्टिनमा बसेकाहरुको कुल संख्या	
१	नेपाल मगर संघ		३५	२०	१०९	५६९४४२
२	नेपाल रेडक्रस सोसाईटी महिलाहरुको लागि		१०	१२	३५	५५७७१
३	जनप्रिय वन सामुदायिक भवन		३५	३०	११०	२६५७३६
४	जनजाति महासंघको भवन		४०	३७	१४९	१७४५४१
	जम्मा		१२०	९९	४०३	१०६५४९०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८			**राहत सामग्री खरिद र वितरण** पालिकाले आ.व.२०७७।७८ मा समेत राहत वितरण कार्यलाई निरन्तरता दिएको देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चामल, दाल, तेल, नुन लगाएतका सामग्री पटक पटक गरी रु १४,०७,६०० मुल्य बराबरको राहत सामग्री खरिद गरेको देखिन्छ । यस सम्बन्धि थप विवरण निम्न बमोजिम रहेको रहेको पाईन्छ ।	

राहत साम्रगीको नाम	परिमाण	इकाई दर	रकम	वितरण परिमाण	
चालम	१०८००	५२	५६१६००	१०८००	
दाल	१८००	१५०	२७००००	१८००	
नुन	१८००	२०	३६०००	१८००	
तेल	१८००	२८०	५०४०००	१८००	
साबुन	१८००	२०	३६०००	१८००	
जम्मा			१४०७६००		

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२९</td><td></td><td></td><td>
विशेष परिस्थिति खरिद
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ (१) मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था अनुसार ऐनको दफा ६६ बमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण, गुणस्तर, परिमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्नु पर्ने व्यवस्था छ। पालिकाले औषधी खरिद गर्दा खरिद कार्यको पूर्वतयारी र आवश्यकता पहिचान गरी मात्र खरिद कार्य गर्नुपर्नेमा यस आ.व.मा पालिकाले खरिद कार्यको पूर्वतयारी र आवश्यकता पहिचान नगरी पालिकाले औषधी, कीट तथा स्वास्थ्य उपकरणहरु विभिन्न मितिमा गरी पटक पटक सोझै खरिद गरी खर्च गरेको रकम रु १२,०९,००० देखिन्छ । खरिद दर लट अनुसार फरक रहेको छ । कार्यालले विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था प्रभावकारी रुपमा पालना गरेको देखिएन । ऐनमा भएको व्यवस्था कार्यान्वयनमा ध्यान दिनुपर्छ । यस सम्बन्धि थप विवरण निम्न बमोजिम रहेको छ ।
<table>
<tr><th>खरिद विवरण</th><th>आपूर्तिकर्ताको नाम</th><th>सम्झौता रकम</th><th>आपूर्ति गर्नुपर्ने मिति</th><th>आपूर्ति गरेको मिति</th><th>आपूर्तिभएको सामानको मुल्य</th><th>खरिदविधि</th></tr>
<tr><td>पेरिलाइल</td><td></td><td>२०००००</td><td></td><td></td><td>२०००००</td><td>सोझै खरिद</td></tr>
<tr><td>इ.पि.सेट</td><td></td><td>५४००००</td><td></td><td></td><td>५४००००</td><td>कोटेशन</td></tr>
<tr><td>सर्जीकल ड्रम</td><td></td><td>५००००</td><td></td><td></td><td>५००००</td><td>सोझै खरिद</td></tr>
<tr><td>पलास्टिक कुर्सी र टेबल</td><td></td><td>४१९०००</td><td></td><td></td><td>४१९०००</td><td>दरभाउ पत्र</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१२०९००</td><td></td><td></td><td>१२०९०००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>
बहुउद्धेश्यिय सभाहल निर्माण
देबदह नगरपालिकाको वडा नं ७ शितलनगरमा बहुउद्धेश्यीय सभा हल निर्माण गर्न शुरु लागत अनुमान रु ५१३६३७९६।०० भए अनुसार ठेक्का नं ५।०७४।७५ बाट छनौट भएको एम एस सि एम माँ गायत्रि जे भि रुपन्देहीले कबोल गरेको रु ४८५९४५३७।०० भई निर्माण कामको भेरिएशन पश्चात लागत अनुमान रु ५७१८८९१४।०० भए अनुसार भेरिएशन पश्चात कबोल अंक रु ५४१८५१०१।०० कायम भएको देखियो । सो निर्माण काम गर्नको लागि मिति २०७८।२।१४ (म्याद थप समेत)
</td><td>२२,६००</td></tr>
</table>

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सम्म सम्पन्न गर्ने गरी मिति २०७५।४।१४ मा सम्झौता गरेकोमा यस वर्ष निर्माण काम सम्पन्न गरी चालु वर्ष अन्तिम रनिङ्ग बिल वापत रु ८३३२३७०।०० भुक्तानि भइ कुल रु ५३२८५९६८।०० भुक्तानी भएको पाइयो । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन । (१) बहुउद्धेश्यीय सभा हल निर्माण गरिएकोमा सो हलले चर्चेको जग्गा गाउँपालिकाको नाउँमा नरहि ऐलानि जग्गा भएको जानकारी दिएको र सो भवन बनेको जग्गाको जग्गाधनि प्रमाणपूर्जा लेखापरीक्षणमा पेश भएन । उक्त भवनको मिति २०७८।९।१५ गते निरीक्षण गर्दा सो भवन पालिकाले कार्यालय प्रयोजनमा प्रयोग गरेको निर्माण भएको ३ वटा ब्लकमध्ये एउटा ब्लकको माथिल्लो तला लुम्बिनि बिश्वबिद्यालयले प्रयोग गरेकोमा बाँकि सबै निरीक्षणको समयसम्म खालि रहेको पाइयो । नगरपालिकाले ठूलो रकम खर्च गरेर निर्माण गरेको सो भवन प्रयोग बिहिन भई लगानिको सदुपयोग भएको पाइएन । निर्माण भएको भवन रहेको जग्गा ऐलानि भइ पालिकाको नाउँमा जग्गाधनि पूर्जा नभएको कारण घर भाडामा लगाउन सूचना प्रकाशन लगायतका समस्या हुन सक्ने देखिन्छ । यसर्थ नगरपालिकाले बजेट लगानि गर्दा प्रतिफल प्राप्त हुने वा जनताहरुलाइ सेवा सुबिधा दिन सकिने खालको हुनुपर्ने तथा लगानी गरी सहि सदुपयोग हुने योजनामा बजेट बिनियोजन गरी कार्यान्वयन गर्नु गराउनु पर्दछ । (२) सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ मा निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज बिल्ट ड्रईङ्ग तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेको छ । सभाहल निर्माण सम्पन्न भएको मिति २०७८।२।९ मा भई अन्तिम रनिङ्ग बिल भुक्तानि दिदाँ एज बिल्ट ड्रईङ्ग वापत मू अ कर समेत रु २२६००।०० भुक्तानि भएको भएतापनि निर्माण व्यवसायीले पेश नगरेकोले सो रकम भुक्तानि दिन नमिल्ने रु ...... (३) भेरिएशन आदेश: सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिती सम्झौता कार्यान्वयनको चरणमा सिर्जना भएमा सो को स्पष्ट कारण खुलाई भेरिएशन आदेश जारी गरी स्विकृत गर्नेपर्ने व्यवस्था रहेको छ । निर्माण व्यवसायीले भेरिएशन आदेश स्विकृतिको लागि मिति २०७७।१।२४ मा निबेदन दिएकोमा पालिकामा दर्ता नभएको मिति २०७७।८।२६ मा बिशेषज्ञ समिति गठन भइ सो समितिले मिति २०७७।९।२ गते प्रारम्भिक डिजाइनमा भूई तला र अन्तिम तला (छत) पि सि सि छुट हुन गएकोमा हाल गर्नुपर्ने देखिएकोले बि ओ क्यू को आइटम नं ३.१ को परिमाण बढ्न गएको र सो को दर नेगोसेशन गर्नुपर्ने प्रतिबेदन पेश भएको पाइयो । यसरी सभाहलको शुरु सम्झौता रकम रु ४८५९४५३७।०० मा रु ५५९०५६४।०० थप गरी शुरु सम्झौता रकमको ११.५० प्रतिशतले बृद्धि भइ रु ५४१८५१०१।०० मा सम्पन्न हुने गरी नगरकार्यपालिकाको मिति २०७७। ९।२४ को ९० औं बैठकबाट भेरिएशन आदेश स्विकृत भएको देखियो । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार छन । • प्रारम्भिक डिजाइनमा भुइ र अन्तिम तलामा पि सि सि छुट भएको भनि भेरएशन आदेश भएको पाइएकोले लागत अनुमान तथा सम्झौता गर्दा सो काम गर्न गराउनु पर्ने भन्ने हुदा हुदै सो आइटम पूर्व अनुमान लगाउन नसकिने भन्न मिल्ने नदेखिएको हुनाले भेरिएशन आदेश नियमसम्मत भएको पाइएन । साथै अन्तिम तला अर्थात छतमा पि सि सि गर्नुपर्ने आइटम छुट हुन गएको भनि भेरिएशन आदेश जारी गरेकोमा छतमा पि सि सि गर्ने काम आवाश्यक हो वा होइन र आवाश्यक हो भने सो आइटम छुट हुन गएको थियो वा थिएन यकिन हुन सकिएन । सभाहलको ३ वटा ब्लकको छतमा पि सि सि ५१.७५ घ.मि. भेरिएशन गरी आइटम थप भए अनुसार प्रति घ.मि.रु १००००।०० ले हुने मू अ कर समेत रु ५८४७७५।०० को भुक्तानीको सम्बन्धमा पालिकाले यकिन गरी पुष्ट्याई सहित थप व्ययभार पर्न गएको होइन भन्ने प्रमाण पेश हुनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• भेरिएशन आदेशमा परिमाण घटेको र बढेको सम्पूर्ण आइटमहरु प्राबिधिक कारण खुलाई भेरिएशन आदेश स्विकृत गर्नुपर्नेमा बढेको आइटमको मात्र कारण खुलाइएको र भेरिएशन स्विकृत गरेको नियमसम्मत पाइएन । • आइटम नं ३.१ एम १० सिमेन्ट कन्क्रिट १:३:६ को बि ओ क्यू को परिमाण भन्दा बढी परिमाण १२९.९४ घ मि को प्रति घ मि रु २००००।०० ले मू अ कर समेत रु २९३६६४४।०० मिति २०७७।१।२४ गते (२०७७।१।२४ मा भेरिएशन आदेश स्विकृतिको लागि निर्माण व्यवसायीले निबेदन दिएकोले सो आधारमा आइटम नं ३.१ को रु २९३६६४४।०० भुक्तानि भएको) भुक्तानि दिएको र भेरिएशन आदेश स्विकृति तथा सो आइटमको दर नेगोसेशनबाट प्रति घ मि रु १००००।०० तय भएको कारण मिति २०७८।३।३० गते अर्थात एक वर्ष पश्चात निर्माण व्यवसायीबाट कट्टा गरेको देखिदा पालिकाले भेरिएशन आदेश स्विकृत नगरी शुरु कबोल अंकको दररेटमा भुक्तानि दिएकोले रु २९३६६४४।०० को १० प्रतिशत व्याज रु २९३६६४।०० पालिकाले यकिन गरी असुल गर्नुपर्दछ । • देबदह नगरपालिकाको वडा नं ७ शितलनगरमा बहुउद्धेश्यीय सभा हलको केहि काम गर्न आर्थिक वर्ष २०७३।७४ मा उपभोक्ता समितबाट काम गर्ने गरी रु ७४५५३११।०० को लागत अनुमान स्विकृत गरी सोहि वर्ष रु ५१५५९६४।०० को प्राबिधिक मूल्यांकन पेश भएकोमा रु ५०२८८५८।०० उपभोक्तालाई भुक्तानि भइसकेको अवस्थामा उपभोक्ताबाट राम्रो र गुणस्तरिय काम नभएको तथा सभाहल सम्पूर्ण निर्माण गर्न उपभोक्ताबाट निर्माण सम्भव नहुने जनाइ आर्थिक वर्ष २०७५।७६ मा बोलपत्रको माध्यमबाट छनौट भएको एम एस सि एम माँ गायत्रि जे भि रुपन्देहीबाट गराई भेरिएशन रु ४६९१४३१।०० समेत रु ५३२८५९६८।०० भुक्तानि भएको पाइयो । यसरी उपभोक्ताको योग्ता र क्षमता भन्दा बढीको काम उपभोक्ताबाट गराउन खोजिएको एवम उपभोक्ताबाट गराउदा प्रतिस्पर्धा नहुने हुदाँ पालिकालाइ बढी व्ययभार पर्न गएको देखिन्छ । यस सभाहल निर्माणको लागि उपभोक्ता समिति र निर्माण व्यवसायीले धेरै आइटमका कामहरु दुबैले गरेको देखिएको एवम उपभोक्ता समितिबाट काम गराइ भुक्तानि दिएको रकमको हाराहारीमा निर्माण व्यवसायीलाई भेरिएशन आदेशबाट थप गरी भुक्तानि दिएको हुदाँ काममा दोहोरोपना भएन भन्न सकिने आधार देखिएन । उपभोक्ता समितिबाट भएको काम गुणस्तरीय र तोकिएको डिजाइन अनुसार गराउन नसकेकोले सो कामलाइ भत्काइ पुन निर्माण व्यवसायीबाट गराएको हुन सक्ने देखिन्छ । तसर्थ पालिकाले यस सम्बन्धमा पालिकाले यकिन गरी काममा दोहोरोपना नभएको पुष्टि हुने आधार प्रमाण पेश गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३१			**पानबारी खेल मैदान** देबदह नगरपालिकाको वडा नं ५मा रहेको पानवारी खेल मैदान निर्माण गर्न ठेक्का नं १४।०७५।७६ रहेको उक्त कामको रु ८५१४२७८।०० को लागत अनुमान भएको काम बोलपत्रको माध्यमबाट छनौट भएको शाश्वत कन्स्ट्रक्सन मकवानपुरसँग रु ५७२६९४५।०० मा मिति २०७६।३।१० मा सम्झौता भएकोमा आर्थिक वर्ष २०७६।७७ मा प्रथम रनिङ्ग बिल वापत रु २२८६९३९।०० भुक्तानि भएकोमा यस वर्ष रु २७७९०४१।०० गरी हालसम्म रु ५०६५९८०।०० भुक्तानि भएको देखियो ।यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन । (१) सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० को उपनियम १ र ६ मा म्याद थपको लागि निर्माण व्यवसायीले २१ दिन अगावै समयमा काम गर्न नसक्नुको कारण सहित निबेदन दर्ता गर्नुपर्ने म्याद थप बढीमा शुरु सम्झौता अवधिको ५० प्रतिशतमात्र थप गर्न सकिने प्रावधान रहेको छ ।खेल मैदान निर्माण कामको शुरु म्याद मिति २०७७।२।२२ सम्म भएकोले शुरु म्याद ११ महिना १२ दिन भएकोमा निर्माण व्यवसायीको म्याद थप निबेदन बिना नगरसभाबाट मिति २०७७।२।२३ देखि २०७८।३।३० सम्म अर्थात १ वर्ष म्याद थप गरेको शुरु सम्झौता अवधिको १०६ प्रतिशत म्याद थप गरेको देखिएकोले नगरसभाले खरिद नियमावली २०६४ को परिपालना नगरि म्याद थप गरेको नियमसम्मत भएन । साथै निर्माण व्यवसायीले म्याद थपको लागि निबेदन समेत पेश गरेको छैन । (२)यस खेल मैदानको अन्तिम किस्ता भुक्तानीको क्रममा बिबाद भई सेवा परामर्शबाट प्राबिधिक छनौट गरी नापजाच गर्नको लागि प्रस्ताब आब्हान गर्ने नगर कार्यपालिकाको मिति २०७७।४।१४ गतेको बैठकबाट निर्यण गरी प्रस्ताब आब्हान गरेकोमा रितपूर्वकको प्रस्ताब पेश नभएकोले पुन सूचना प्रकाशन गरी ओम कन्सलटेन्ट काठमाडौं छनौट भएको र सो छनौट भएको कन्स्लटेन्टबाट तयार भएको ठेक्का बिल रकम रु २७७९०४१।०० नगर कार्यपालिकाको मिति २०७८।३।२३ को निर्णयानुसार गो भौ नं ४१३।२०७८।३।३० गते भुक्तानि दिएको पाइयो । यसरी पालिकामा कार्यरत प्राबिधिक जनशक्तिबाट कामको मूल्यांकन गरी सो को आधारमा भुक्तानि दिनुपर्नेमा सेवा परामर्शबाट बजेट खर्च गरी बाहिरि प्राबिधिक जनशक्तिबाट तयार भएको नापजाच अनुसारको रकम भुक्तानि दिएको कारण पालिकाको पदाधिकारी बाहेक कर्मचारीबाट जिम्मेवारी निर्वाहा गरेको तथा यसरी बाहिरी कन्स्लटेन्टबाट तयार भएको बिल रकमको बिश्वयसनियता सम्बन्धमा यकिन हुन सकिएन । (३) यस खेल मैदानको लागत अनुमान अनुसार निर्माण काम सम्पन्न भएको हो वा होइन पालिकाले कार्य स्विकार प्रतिबेदन तयार नगरेको तथा नापि किताब समेत लेखापरीक्षणमा पेश हुन नआएको कारण निर्माण कामको सम्बन्धमा पालिकाले थप यकिन गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३२			**कार्यालय भवन एरियमा क्यान्टिन तथा कम्पाउण्डवाल निर्माण** देवदह नगरपालिकाको कार्यालय भवन एरियामा क्यान्टिन पार्किङ्ग सेड र कार्यालय कम्पाउण्ड वाल निर्माण ठेक्का नं ४।०७६।७७ बाट उक्त निर्माण काम गर्न बोलपत्रको माध्यमबाट मिति २०७७।३।३० सम्म सम्पन्न गर्ने गरी रु ११८५६५२७।०० मिति २०७६।९।१५ गते अभियन्ता कन्स्ट्रक्सन प्रा लि रुपन्देहीसँग सम्झौता गरेको यस तेश्रो रनिङ्ग बिल वापत रु २४०५६५२।०० भुक्तानि दिई तेश्रो रनिङ्ग बिलसम्म रु ५९७५८३५।०० भुक्तानि दिएको पाइयो । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लेख गरेको अवधिमा पूरा गर्न नसकिएमा सम्बन्धित अधिकार प्राप्त अधिकारीले आवाश्यक जाँचबुझ गरी निर्माण व्यवसायीले सम्झौता बमोजिम समयमै काम सम्पन्न गर्न भरमग्दुर प्रयास गरेकोमा काबु बाहिरको परिस्थिको कारणबाट मुनासिब देखिएमा निर्माण व्यवसायीले म्याद समाप्त हुनु भन्दा २१ दिन अगाबै कारण खुलाइ निबेदन दिनुपर्ने र सो निबेदन पालिकाले दर्ता गरी म्याद थपको प्रक्रियामा समाबेश गर्नेपर्ने व्यवस्था रहेको छ । यस निर्माण कार्यको प्रथम पटक म्याद थप गर्नको लागि निर्माण व्यवसायीले कोभिडको कारण देखाइ म्याद समाप्त हुनु भन्दा ३ दिन मात्र अगाडि मिति २०७७।३।२७ निबेदन दिएकोमा सो निबेदन पालिकामा दर्ता नगरिएको र निबेदकको माग बमोजिम २०७७।९।३० सम्म म्याद थप भएकोमा थप भएको अवधिमा समेत निर्माण काम सम्पन्न नगरेको कारण मिति २०७७।९।३० देखि निर्माण व्यवसायीको म्याद समाप्त भएकोमा नियममा भएको प्रावधान बमोजिम म्याद थपको लागि समयमै निबेदन नदिई धेरै ढीलो गरी कोभिडको कारण जनाई मिति २०७८६।१२ र २०७८।९।२८ गते दोश्रो पटक म्याद थपको लागि पेश गरेकोमा पालिकाले म्याद थप गरेको छैन । यसरी खरिद सम्झौता तथा नियममा भएको प्रावधान बमोजिम निर्माण काम समयमै सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई पूर्व निर्धारित क्षतिपूर्ति असुल गराइ सो को प्रमाण पेश हुनुपर्दछ साथै निर्माण कार्य समेत सम्पन्न गराउनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३३			**देबदह अस्पताल निर्माण** देवदह नगरपालिका वडा नं ५ मा ठेक्का नं २३।०७६।७७ बाट ३ तला भएको अस्पताल निर्माण गर्न रु ९३६५२६०८।०० को लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट मिति २०८०।३।२४ सम्म सम्पन्न गर्ने गरी रु ६७५४११३५।०० मिति २०७७।३।२४ गते सम्झौता गरेको देखिएकोले सामान्यतया भवन निर्माण काम १ देखि २ वर्ष अबिधमा सम्पन्न गर्ने गरी म्याद दिनुपर्नेमा सो भन्दा बढी ३ वर्ष म्याद दिई अस्पताल निर्माण कार्य गरी यस प्रथम रनिङ्ग बिल वापत रु ९६५६००७।०० भुक्तानि दिएको पाइयो । नगर कार्यपालिकाको मिति २०७७।११।१० को निर्णयानुसार नक्शामा पोष्ट मार्टेन भवन पूर्वमा र मुख्य भवन पश्चिममा भएको तर स्थलगत रुपमा नापजाँच गर्दा मुख्य भवन पूर्वमा हुने गरी बनाउनुपर्ने,ग्राम्प स्ल्याबमा नक्शामा १२ मि मि को डण्डि भएको तर लागत अनुमानमा १० मि मि भएकोले नक्सा अनुसार १२ मि मि बनाउनुपर्ने ,तलाको उचाई नक्सामा ३-५ मिटर भएको तर भञ्याङको व्यवस्थापन गर्दा उचाई ३-५ मिटर गर्नुपर्ने, नक्सामा छज्जा नभएकोले छज्जा आवश्यक रहेकोले छज्जा बनाउनुपर्ने र नक्सा र लागत अनुमानमा सेप्टिक टेंक र सक पिटको व्यवस्था नभएको भएता पनि सेफ्टिक ट्यांक र सक ट बनाउनुपर्ने कारण योजनाको लागत अनुमान र नक्सामा संशोधन गर्ने निर्णय गरेको देखिन्छ । यसरी निर्माण काम शुरु हुदाकै अवस्थामा भवनको नक्सानै संशोधन गर्नुपनर्ने अवस्था देखिएको कारण नगर कार्यपालिकाले संशोधन गर्ने निर्णय गरेको सो भवनको डि पि आर उचित ध्यान नदिइ तयार गरेको र प्राबिधिक रुपमा लागत अनुमान तथा नक्सा संशोधन गर्नुपर्ने कारण सहितको कागजात लेखापरीक्षणमा पेश भएन ।	
३४			**समयावधि र कार्यतालिका** **समयावधि र कार्यतालिका-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले निर्माण कार्य सम्पन्न गर्न लाग्ने समयावधि किटान गर्नुपर्ने व्यवस्था छ । बोलपत्र सम्बन्धि कागजात तथा निर्माण व्यवसायी सँग भएको सम्झौतामा एक मुष्ठ कार्य सम्पन्न गर्नुपर्ने समयावधि उल्लेख गरी कार्यतालिका पेश गराएको देखिन्छ । तर पेश भएको कार्यतालिका अनुसार प्रगति भए नभएको नियमित अनुगमन मुल्याङ्कन गरी कार्यतालिका अनुसार काम गर्ने गराउने तर्फ यथोचित प्रयास भएको नदेखिएकोले कार्यालयले तदारुकताको साथ अगाडि बढाउनुपर्ने देखिन्छ । जसले गर्दा लागत र समयलाइ निर्धारित सिमा भित्र राख्न नसक्ने अवस्था श्रृजना हुने अवस्था रहन्छ ।तसर्थ निर्माण कार्यको ठेक्कामा नियमावलीमा व्यवस्था भए अनुरुप कार्य सम्पन्न गर्न लाग्ने समयावधि उल्लेख गरी लागत अनुमान तयार गर्नु गराउनु र पेश गरेको अनुसारको कार्यतालिकामा उल्लेखित समयमै काम सम्पन्न गर्न गराउन ध्यान जान जरुरी छ ।	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३५			**खरिद सम्झौताको अन्त्य** **खरिद सम्झौताको अन्त्यः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ मा खरिद सम्झौता अनुसारको काम र प्रगती नगरेमा खरिद सम्झौता अन्त्य गरि खरिद नियमावलीको नियम १२८ अनुसार पूर्व निर्धारित क्षतिपूर्ती लगाउने, खरिदकर्ताको प्रतिस्थापन गर्ने, कार्य सम्पनन जमानी प्राप्त गर्ने र बाँकी काम सम्झौता प्राप्त गर्नेबाट गराई दफा ६३ अनुसार कालो सुचीमा राख्न लेखि पठाउने समेतका कारवाहीहरु गर्ने व्यवस्थाहरु छन।तर कार्यालयले अधुरा ठेक्काहरुका हकमा यी कारवाहीहरु गर्नु पर्नेमा सो कानुनी जिम्मेवारी पुरा नगरेको कारण ठेक्का सम्पन्न गर्ने अवधी लम्बिन गई ठेक्काको कामबाट प्राप्त हुनु पर्ने सेवा प्राप्त हुन नसकेको अवस्था उत्पन्न भएकोले अधुरा ठेक्काहरुलाई नियमानुसार कारवाही गरि ठेक्का सम्झौता र खरिद ऐनको कार्यान्वयन हुनुपर्दछ ।	
३६			**वडा नं ८ को बिभिन्न स्थानमा कालोपत्रे** देबदह नगरपालिकाको यवडा नं ८ का बिभिन्न स्थानमा कालोपत्रे गर्न ठेक्का नं १०।०७७।७८ बाट बोलपत्रको माध्यमबाट मिति २०७८।३।२० सम्म सम्पन्न गर्ने गरी रु ४५००५८६।०० मा सामर्थ कन्स्ट्रक्सन प्रा लिसँग मिति २०७७।१२।२४ मा सम्झौता भएकोमा यस वर्ष कार्य सम्पन्न गरी रु ४४९६८९९।९९ भुक्तानि भएकोमा पालिकाले कार्यस्विकार प्रतिबेदन तयार नगरी भुक्तानि दिएको हुनाले पालिकाले कार्य स्विकार प्रतिबेदन तयार गरी पेश गर्नुपर्दछ । निर्माण व्यवसायीले सम्पूर्ण निर्माण कामको गुणस्तर परीक्षण गर्नुपर्नेमा सबबेश र बेशको मात्र गुणस्तर परीक्षण गरी रु ३३२२२।०० भुक्तानि दिएकोमा सो को सक्कल बिजक पेश नगरी फोटोकपी बिजक पेश गरेकोले सक्कल बिजक पेश गर्नुपर्दछ । त्यसकारण गुणस्तर परीक्षण कालोपत्रेको नगरेको हुनाले सो को गुणस्तर सम्बन्धमा यकिन नहुनुको साथै गुणस्तर परीक्षण गरी रु ३३२२२।०० भुक्तानि दिएकोमा सो को सक्कल बिजक पेश हुनुपर्ने रु...	३३,२२२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३७			**उपभोक्ता समिति तर्फ** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । नमुना छनौटको रुपमा परीक्षण गर्दा उपभोक्ता समितिको देहाय बमोजिमको व्यहोरा देखिएको छ ।	

भौ.न.\मिति	कार्य विवरण	रकम	देखिएको व्यहोरा
२५४-०७८।३।१८	रमेश चन्द्र यादवक गोठदेखि पूर्व केरावारी जाने बाटो ग्राभेल उ स	५०००००	म्याद थप (२०७८।२।३१ मा सक्नेमा २०७८।३।२० सम्मको म्याद थप)
३७७-०७८।३।२७	धन बहादुरको लाइन शान्ति टोल बाटो पिच उ स	५०००००	कार्य गर्दा सुरक्षा नअपनाएको फोटोको अनुसार
१८०-०७८।३।४	ल्याण्ड फिल्ड साइट निर्माण	४५५९००	jcb ले काम गराएको उपभोक्ता कार्य नदेखिएको
१४७-०७८।२।२७	दुरमान गुरुङको घरदेखि रमेश तेलीको घरसम्म नाला निर्माण कार्य	४८५०००	रेडिमेट नालाको संख्या भन्दा ढक्कनको संख्या बढी राखेर इस्टिमेट गरेको (६१-

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३८</td><td></td><td></td><td>सभाहलको फिनिसिङ्ग काम
सभाहलको फिनिसिङ्ग कार्य गर्न रु १५८१५९३।०० को लागत अनुमान तयार गरी सिलबन्दी दरभाउपत्रको माध्यमबाट ठेक्का नं ३२।०७७।७८ बाट छनौट भएको डि सि बिल्डर्स निर्माण गरी यस वर्ष प्रथम रनिङ्ग बिल वापत रु ११८१३२४।०० भुक्तानि दिएको छ । सो सभाहल गत आर्थिक वर्ष २०७६।७७ मा बोलपत्रको माध्यमबाट ठेक्का नं २१।०७६।७७ कोरल निर्माण प्रा लि नवलपुरबाट निर्माण काम भइरहेको अवस्थामा पालिकाले पूरानो निर्माण काम सम्पन्न नहुँदै पुन सिलबन्दी कोटेशनको माध्यमबाट फिनिसिङ्गको काम गराउनु नियमसम्मत नहुनुको साथै गत आर्थिक वर्षमा फिनिसिङ्गको काम समेतको बोलपत्रको माध्यमबाट गराएको भए थप मितव्ययि हुनेतर्फ पालिकाले ध्यान दिएको देखिएन । यसरी सभाहल निर्माण भइरहेको निर्माण सम्पन्न नहुदै फिनिसिङ्गको काम अर्को निर्माण व्यवसायीबाट गराएको कारण काममा दोहोरोपना आउन सक्ने तथा निर्माण काममा समन्वय नभई निर्माण काम गर्न समस्या हुन सक्नेतर्फ पालिकाले ध्यान दिएको देखिएन ।</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>उपभोक्ता समिति
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न योजनाहरु उपभोक्ताबाट गराइ भुक्तानी गरेकोमा नमूना छनौटको आधारमा लेखापरीक्षण गर्दा देहाय अनुसार उपभोक्ताहरु दर्ता भएको पाइएन । यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरू स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरूले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । यस सम्बन्धि देखिएका व्यहोराहरु निम्नानुसार छन ।
<table>
<tr><th>सि नं</th><th>उपभोक्ताको नाम</th><th>मूल्यांकन रकम</th><th>पालिकाले व्यहोरेको रकम</th><th>उपभोक्ताले व्यहोरेको रकम</th></tr>
<tr><td>१</td><td>दलदले मुडाबास सडक निर्माण</td><td>१०५००९१</td><td>८६९८३४</td><td>१८०२५७</td></tr>
<tr><td>२</td><td>चरङ्गे मगर समाज भवन निर्माण</td><td>९५०८४६</td><td>७९६८३५</td><td>१५४०११</td></tr>
<tr><td>३</td><td>प्रगति मा बि बिद्यालय भवन निर्माण</td><td>२९०२०७२</td><td>२४२५०००</td><td>४७७०७२</td></tr>
<tr><td>४</td><td>सिक्टहन मा बि भवन निर्माण</td><td>२९०१६०१</td><td>२४२५०००</td><td>४७६६०१</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
				५	कृषि उपज संकलन केन्द्र	१५६०४६८	१३२५३९२	२३५०७६		
				६	देबदह लायन्स आँखा अस्पताल	१६१५८३७	१००००००	६१५८३७		
				७	गौतम बुद्ध राष्टिय उद्यान	२४०६१२७	१८९२६५८	५१३४६९		
				८	तल्लो सरनटाँडी सडक कालोपत्रे	१८११६९४	१४५५०००	३५६६९४		
				९	शहिद नर बहादुर स्मृति भवन	२३४८९२३	१४९१७५०	८५७१७३		
				१०	ब्रम्हाकुमारी अधुरो भवन	१७१००११	१४४४४१२	२६५५९९		
				११	योग केन्द्र अधुरो भवन	१७०७९९०	१४४६९९६	२६०९९४		
				१२	मायादेबि पार्क निर्माण	१३१०९२८	१००००००	३१०९२८		
				१३	देब बिकास बैंक उत्तर तर्फ नाली निर्माण	१४१७८३९	११६४०००	२५३८३९		

(१) पालिकाबाट यस वर्ष सडक तथा कुलो नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं. उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ ।

(२) पालिकाले यो बर्ष विभिन्न योजनाहरु उपभोक्ताबाट निर्माण गराइ भुक्तानी गरेकोमा त्यस्ता समितिहरू स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरूले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

(३) सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट गराउँदा सो योजना सञ्चालन हुने स्थानका लाभग्राहि समुदायबाटको आम भेला गराई सो भेलाबाट उपभोक्ता समिति गठन गर्नुपर्ने प्रावधान रहेकोमा माथि उल्लेखित योजनाहरुको उपभोक्ता समितिहरु गठन गर्दा पेश भएको माइन्यूटमा ठेगाना र सम्पर्क फोन नंम्बर एवम केही योजनाहरुमा जनप्रतिनिधिहरुको उपस्थिति समेत उल्लेख नगरेको कारण उपभोक्ता समिति गठनको प्रकृया कानूनमा तोकेको प्रावधान बमोजिम रहेको पाइएन ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(४) सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ को उपनियम ७ मा उपभोक्ता समितिहरुले गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र आफूले गरेका काम कारबाहीको सम्बन्धमा सार्वजनिक लेखापरीक्षण समेत गराउनुपर्नेमा माथि उल्लेखित उपभोक्ताहरुले नियममा व्यवस्था भए बमोजिमको खर्चको सूचना टाँस गरेको तथा सार्वजनिक परीक्षण गराएको पाईएन । तसर्थ यसमा पालिकाले सुधार गर्नुपर्ने देखिन्छ । (५) सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ मा उपभोक्ता समितिले निर्माण काम सम्पन्न भए पश्चात निर्माण कामको अनुगमन निरीक्षण तथा योजना हस्तान्त्रण एवम सम्पन्न योजनाहरुको उपभोक्ता समितिहरुले अभिलेख राख्नुपर्ने व्यवस्था रहेको पालिकाबाट सञ्चालित योजनाहरुको निर्माण सम्पन्न पश्चात नियममा व्यवस्था भए अनुसार पालिकाबाट केहि योजनाहरुको अनुगमन निरिक्षण नभएको अनुगमन भएको योजनाहरुमध्ये केहि योजनाको प्रतिबेदनमा संयोजक तथा अन्य पदाधिकारी दस्तखन नभएको अनुगमन प्रतिबेदनमा अनुगमनबाट देखिएका व्यहोराहरु उल्लेख गरेको पाइएन । साथै ति योजनाहरु उपभोक्तालाइ हस्तान्त्रण नभएको तथा उपभोक्ताहरुले सम्पन्न योजनाहरुको अभिलेख राखेको नपाइएकोले यस सम्बन्धमा नियममा भएको व्यवस्था बमोजिम सुधार हुनुपर्दछ । (६) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन :	

गो भौ नं र मिति	उपभोक्ता समितिको नाम	कामको बिबरण	भुक्तानि रकम	प्रयोग गरिएको हेभि उपकरण	हेभि उपकरणमा भएको खर्च
२९।२०७८।३।२०	दलदले मुडाबास सडक निर्माण	सडक निर्माण	८८४८४३	स्काभेटर समेत	४००२००
६।२०७८।३।२३	गौतम बुद्ध राष्टिय उद्यान	उद्यानमा फुल दुबो लगायत लगाउने	१८९२६५८	बिभिन्न	१४१५३२५
१०।२०७७।८।	तल्लो सरनटाँडी सडक	सडक कालोपत्रे	१४५५०००	ग्रेडर र रोलर लगायत	१५०८८९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			१४ कालोपत्रे (७) माथि उल्लेख भए अनुसार देबदह नगरपालिका वडा नं १० मा दलदलेदेखि मुडाबास सडक निर्माणको लागि उपभोक्ता समितिको योगदान समेत रु ११५१११५।०० को लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग मिति २०७७।१२।१३ मा सम्झौता भए अनुसार निर्माण कामको रु १०५००९१।०० को प्राबिधिक मूल्यांकन गरी रु ८८४८४३।०० उपभोक्तालाई भुक्तानि दिएको पाइयो । पेश भएको नापी बिबरण अनुसार दलदलेलाइ ० चेनेज मानि सोही स्थानदेखि मुडाबास तर्फ १३४४ मिटरमा नयाँ ट्र्याक खोलेको र मुडाबासमा पूरानो सडक गत बिगतमा खनेको कारण सोही पुरानो सडकमा ५४० मिटरमा पहिरो सोर्ने तथा कटिङ्गको काम लगायतको नापि भए अनुसार प्राबिधिक मूल्यांकन रु १०५००९१।०० भएकोमा पालिकाको प्राबिधिक सहितको टोलिबाट मिति २०७८।१०।१२ गते स्थलगत निरीक्षण गरिएकोमा समय अभावको कारण सम्पूर्ण सडकको निरीक्षण गर्न नसकिएको र दलदले देखि मुडाबास तर्फको खोलासम्म करिब ५०० मिटर मात्र स्थालगत अनुगमन गरिएको थियो । अनुगमन निरीक्षण गरिएको सो ५०० मिटर सडक समेत नापि अनुसार १३४४ मिटर नयाँ ट्र्याक खोलेको देखाइएकोमा उक्त ५०० मीटर नयाँ ट्र्याक खोलेको जस्तो नदेखिएको सो मा केही चौडाई गरिएको तथा पूरानो सडकमा सोर्ने काम गरेको देखिएको साथै नगरपालिकाको यस सडक चुरेको जंगलमा पर्ने तथा दुर्गम भएको कारण पालिकाबाट समेत समय समयमा अनुगमन निरीक्षण नहुने हुदाँ यस सम्बन्धमा पालिकाले यकिन गरी सो सडकमा बास्तबिक भएको कामको मूल्यांकन गरी बढी मूल्यांकन तथा भुक्तानी भएको रकम उपभोक्ता समितिबाट असुल हुनुपर्दछ ।	
४०			**कार्यसम्मपन्न प्रतिबदेन तयार नभएको** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ११ मा उपभोक्ता समितिले निर्माण काम सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राबिधिक कर्मचारीबाट त्यस्तो कामको प्राबिधिक मूल्यांकन गरी निर्माण कार्यको सर्भे डिजाइन लागत अनुमान सुपरिवेक्षण र कार्यसम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्ने गरी कार्य सम्पन्न प्रतिबेदन तयार गरेर मात्र उपभोक्तालाइ भुक्तानि दिनुपर्ने व्यवस्था रहेको छ । वडा नं १२ मा निर्माणाधिन कृषि उपज संकलन केन्द्र निर्माणको प्राबिधिक मूल्यांकन रु १५६०४६८।०० भइ उपभोक्ताको योगदान कट्टा गरी रु १३२५३९२।०० भुक्तानि दिएकोमा ज्यामि ज्याला वापत रु ३२२२४५।०० को भरपाइ पेश भएकोमा रकम बुझिलिएको तथा डोर हाजिर प्रमाणित गरेको पाइएन । वडा नं ५ देवदह लायन्स क्लब आँखा अस्पताल पर्खाल निर्माणको प्राबिधिक मूल्यांकन रु १६१५८३७।०० भइ उपभोक्ताको योगदान कट्टा गरी रु १००००००।०० भुक्तानि दिएकोमा नियममा व्यवस्था भए बमोजिम वडा नं १२ मा निर्माणाधिन कृषि उपज संकलन केन्द्र निर्माणको प्राबिधिक मूल्यांकन रु १५६०४६८।०० र वडा नं ५ देवदह लायन्स क्लब आँखा अस्पताल पर्खाल निर्माणको प्राबिधिक मूल्यांकन रु १६१५८३७।०० को कार्य सम्पन्न प्रतिबेदन तयार नभएको रु...	३,१७६,३०५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४१			**देबदह दलित भवन निर्माण** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राबिधिक मूल्यांकन बिल भरपाइ र खर्चको प्रमाणित गर्ने अन्य कागजातहरु समितिको बैठकबाट अनुमोदन गराइ पेश गर्नुपर्ने व्यवस्था भएकोमा देबदह दलित सेवा समाज अधुरो भवन निर्माण उपभोक्ता समिति मार्फत काम गराएकोमा होडिङ्ग बोर्ड वापत रु ५०००।०० भुक्तानि दिएकोमा सो को बिल रु १६००।०० मात्र पेश भएकोले रु ३४००।०० बढी भुक्तानि भएको असुल हुनुपर्ने रु....	३,४००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४२	१०	२०७७-८-१४	**सरनठाँटी सडक कालोपत्रे** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम १ मा उपभोक्ता समितिबाट काम गराउन सकिने उपनियम ६ मा खर्चको बिल भरपाइ तथा प्राबिधिक मूल्यांकन बैठकबाट अनुमोदन गरी पेश गर्नुपर्ने उपनियम १० मा उपभोक्ता समितिले पाएको काम अन्य निर्माण व्यवसायी वा सब कन्ट्राक्टरबाट नगराइ आफैंले सम्पन्न गर्नुपर्ने सम्झौता अनुसार तोकिएको समयमा सम्पन्न गर्न नसकिने भएमा कारण सहित जानकारी गराउनुपर्ने सो अनुसार पालिकाले आवाश्यक जाँचबुझ गरी उपभोक्ता समितिसँग भएको सम्झौता तोडी उपभोक्ता समितिलाइ कालोसूचिमा राख्नुपर्ने र बाँकि काम प्रतिस्पर्धाको बिधिबाट गराउनुपर्ने व्यवस्था रहेको छ । देबदह नगरापालिकाको वडा नं ६ तल्लो सरनटाँडी सडक कालोपत्रे कार्य गर्न उपभोक्ताको योगदान समेत रु १७७०९५२।०० को लागत अनुमान तयार गरी मिति २०७७।३।२० मा सम्पन्न गर्नेगरी मिति २०७६।११।२१ मा सम्झौता भएको र सोहि आर्थिक वर्षमा उपभोक्ता समितिले निर्माण काम सम्पन्न नगरी यस वर्ष मिति २०७७।६।२२ मा सम्पन्न गरी रु १७६६६९५।०० को प्राबिधिक मूल्यांकन गरी उपभोक्ताको योगदान कट्टा गरी रु १४५५०००।०० भुक्तानि भएको पाइयो । यस सम्बन्धमा देखिएका मुख्य व्यहोराहरु निम्न छन । (१) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम १ मा उपभोक्ता समितिबाट काम गराउन सकिने र लाभग्राहि समुदायबाट उपभोक्ता गठन गरी पेश गर्नुपर्नेमा सो निर्माण काम गर्नको उपभोक्ता गठन भएको माइन्यूटको प्रमाण पेश भएन । (२) नगरपालिकाको उपाध्यक्ष ज्यूको संयोजकत्वको नगरस्तरीय अनुगमन समितिले मिति २०७७।८।९ गते अनुगमन गरेकोमा संयोजक उपस्थित नभई अनुगमन गरेको देखिएकोले संयोजक बिनाको अनुगमन प्रचलित ऐन नियम अनुसार उचित देखिएन । (३) सडक कालोपत्रे गर्नको लागि आवाश्यक स्थानमा ह्युम पाइप राखि कालोपत्रे गर्ने लागत अनुमान स्विकृत भएकोमा उपभोक्ताले ह्युम पाइप जडान नगरेको तथा सबबेश बेश र कालोपत्रेको गुणस्तर परीक्षण गरेको नदेखिएकोले निर्माण कामको गुणस्तरका सम्बन्धमा यकिन हुन सकिएन । (४) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समितिले पाएको काम अन्य निर्माण व्यवसायी वा सब कन्ट्राक्टरबाट नगराइ आफैंले सम्पन्न गर्नुपर्ने सम्झौता अनुसार तोकिएको समयमा सम्पन्न गर्न नसकिने भएमा कारण सहित जानकारी गराउनुपर्ने सो अनुसार पालिकाले आवाश्यक जाँचबुझ गरी उपभोक्ता समितिसँग भएको सम्झौता तोडी उपभोक्ता समितिलाइ कालोसूचिमा राख्नुपर्ने र बाँकि काम प्रतिस्पर्धाको बिधिबाट गराउनुपर्ने व्यवस्था रहेको छ । उक्त काम उपभोक्ता समितिले मिति २०७७।३।२० सम्म सम्पन्न गरी सक्नुपर्नेमा निर्माण काम सम्पन्न नगरेको तथा नियममा व्यवस्था भए बमोजिम सो को जानकारी पालिकालाइ नगराएको पालिकाले उपभोक्ता समितिसँग भएको सम्झौता तोडी उपभोक्ता समितिलाइ कालोसूचिमा नराखेको एवम उपभोक्ता समितिले समयमा काम गर्न नसकेमा म्याद थप गर्ने नियम नभएको कारण नियममा भएको पालना नभएकोले उपभोक्ता समितिलाइ भुक्तानि दिएको नियमसम्मत नभएको रु......	१,४५५,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४३			**साधरण ज्यामिको दररेट** सार्वजनिक खरिद नियमावली २०६४ को नियम१० मा सार्वजनिक निकायले स्विकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ताबाट भएको निर्माण कामको लागत अनुमान तयार गर्दा रुपन्देही जिल्लाको आर्थिक वर्ष २०७७।०७८ को जिल्ला दररेटमा साधारण ज्यामिको रु ५५५।०० रहेकोमा रु १०।०० थप गरि पालिकाले रु ५६५।०० को दररेट अनुसार लागत अनुमान तयार गरी लागत अनुमानमा साधाण ज्यामिको बढी दररेट कायम गरी तयार गरेको पाइयो । यसरी बढी दररेटमा लागत अनुमान तयार गरी निर्माण काम गराउदा पालिकालाई बढी व्ययभार पर्न गएको पाइयो । पालिकाले यसरी बढी दरमा काम गराउदा उपभोक्ता समितिहरुलाइ के कति बढी रकम भुक्तानि हुन गएको छ यकिन गरी असुल गरी सो को प्रमाण पेश हुनुपर्दछ ।	
४४			**उपभोक्ता समिति**	
४४.१			निर्माण कार्यको गुणस्तर: उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा १२ मा निर्माण सामग्रीको गुणस्तर, निर्माण विधि र प्रक्रियाको गुणस्तर सुनिश्चितता गर्ने जिम्मेवारी कार्यालयबाट खटिएका प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हुने उल्लेख छ । साथै उपभोक्ता समितिबाट कार्यान्वियन भएको योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त व्यवस्था अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक व्यवस्था गर्नुपर्दछ ।	
४४.२			ह्याण्ड तथा स्यालो ट्युववेल : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार प्राविधिक नाप जाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा विल र विजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न अनुसार १३ चापाकल हेड जडान गरी रु.९७०००० भुक्तानी गरेकोमा खर्चको साथ १ थान ह्याण्ड पाइप/स्यालो ट्युववेलको कामको मूल्याङ्कन गरी जम्मा कामको थानलाई गुणा गरी मूल्याङ्कन गर्ने गरेको देखियो । स्यालो ट्युववेल जडान कार्यको मूल्याङ्कन ठाउँ अनुसार फरक पर्ने भएको र औसतमा लिंदा वास्तविकता समेत नहुने भएकोले काम अनुसार विस्तृत मूल्याङ्कन नगरी गरेको १३ स्यालो ट्युवेल जडान कार्यको रु.९७०००० नियमित नदेखिएको रु.	९७०,०००
४५			**राजस्व असुली**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४५.१			आयको अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । नगरपालिकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ९७०३१३६०।–प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७।७८ मा रु.१०८७०१९४२ अर्थात अनुमान भन्दा १२.०३ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४५.२			राजश्व दाखिला शिर्षक फरक: नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभागको मिति २०७६।४।१ देखि कायम भएको राजश्व संकेत नं. बमोजिम देहायका ठेक्का नं बाट नदिजन्य पदार्थ ढुंगा, गिटी, वालुवा उत्खनन संकलन विक्री वितरण वापतको मूल्य अभिवृद्धि कर रु.८०७८९२२ आ.व. ०७५।७६ मा कायम भएको संकेत राजश्व शिर्षक नं. ३३३१७ मा दाखिला गर्नुपर्नेमा राजश्व शिर्षक नं. ३३३१४ मा दाखिला गरेकोले सम्बन्धित राजश्व शिर्षकमा दाखिला मिलान गरि प्रमाण पेश गर्नुपर्दछ ।	

क्रस	ठेकेदारको नाम	शिर्षक मिलान गर्नुपर्ने भ्याट रकम
1	आर्चाय बिल्डस	७९४६२५
2	श्रेष्टट्रेडिंग ट्रेड सप्लायर्स श्रेष्ट कन्सट्रक्सन	१७२५४१०
3	आर्चाय बिल्डस	५१९९६१
4	लुम्विनी देवदह कन्सट्रक्सन	१७२४७००
5	कृशव निर्माण सेवा	१७५८८००
6	खनालकान्छा सप्लायर्स	१५५५४२६
	जम्मा	८०७८९२२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४५.३			नदिजन्य पदार्थ ठेक्काः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तिय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । नगरपालिकाले आ.व. २०७७।७८ मा नदिजन्य पदार्थको ठेक्का नं MUN-RM-15-077-078 सञ्चालन सम्झौता अनुसार निर्माण व्यवसायी श्रेष्ट ट्रेडिंग ट्रेड सप्लायर्स श्रेष्ट कन्सट्रक्सनले २०७८ जेठ मसान्तसम्ममा दोस्रो किस्ताबापतको रकम बुझाउनु पर्ने र सो मितिमा बुझाउन नसकेमा नियमानुसार दरले हर्जाना तिर्नुपर्ने उल्लेख छ । सो नदिजन्य पदार्थ उन्खनन ठेक्काको बाँकी रकम हर्जना समेत रु असुल उपर गरी बैक दाखिला गर्नुपर्ने रु	२,६७९,७७०

ठेक्काको नाम	ठेकेदार	कबोल अंक	प्राप्त रकम	बाँकी रकम	हर्जना १० प्रतिशत	असूल गनुपर्ने बक्यौता रकम
MUN-RM-15-077-078	श्रेष्टट्रेडिंग ट्रेड सप्लायर्स। श्रेष्ट कन्सट्रक्सन	१३२७२३०९	१०८३६१५४	२४३६१५५	२४३६१५	२६७९७७0

अतः नगरकार्यपालिकाले ठेक्का सम्झौता बमोजिम राजस्व वुझाउने म्याद जेष्ठ ३१ सम्म रहेकोमा मिति २०७८।३।१५ गतेसम्म म्याद थप गरिएको छ । कार्यपालिकाले ठेकेदारको वैक जमानतको म्याद थप भएपछि मात्र म्याद वढाउने तर्फ ध्यान दिनुपर्दछ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४५.४			आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यलय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दशप्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दशप्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागिय कारवाही समेत गर्न सक्ने, जरिवाना र कारवाही गर्न सक्ने व्यवस्था रहेको छ । मातहतका वडाहरूवाट देहाय अनुसार ढिला गरि मालपोत सिफारिस दस्तुर,दण्ड जरिवाना, जन्मदर्ता, मुत्युदर्ता लगायतको शुल्क असुल गरेकोमा ऐनमा तोकिए भन्दा ढिला गरी दाखिला गरेकोमा जरिवाना असुल गरेको देखिएन । नगरपालिकाले वडागत राजस्वको एकिन गरि ढिला दाखिला गर्ने रकम एकिन गरि जरिवाना लगाउनु पर्दछ । अतः उल्लेखित ऐनको व्यवस्था अनुसार गनुपर्ने देखिएको रु.	१७०,४४७

वडा नं	जिम्मेवार व्यक्ति	ढिला दाखिला रकम	जरिवाना
९	दिपेश वस्याल	४५७६६९	४५७६६
१ र २	सिर्जना ओली	३४९२७४	३४९२७
७	सुरज पोख्रेली	२७५२९६	२७५२९
५	पुष्पा पोखेल	७०१६४	७०१६
६	मधु पन्थी	११९२१३	११९२१
३	देउरुपा थापा	११४२६५	११४२६
१२	सुमित्रादेवि केवट	१९१०२०	१९१०२
११	सरस्वती कुँवर	१२७६००	१२७६०
	जम्मा		१७०४४७

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४५.५</td><td></td><td></td><td>कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले राजस्व असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४५.६</td><td></td><td></td><td>आय ठेक्काबाट प्राप्त मुल्य अभिवृद्धि कर र अग्रिम कर नेपाल सरकार अर्थ मन्त्रालयले कायम गरेको शिर्षकमा दाखिला गर्नुपर्दछ । आयोजनालाइ ठेक्का लगाएकोमा ठेकेदारवाट एकमुष्ट मुल्य अभिवृद्धि कर, अग्रिम कर र कवोल रकम नगरपालिकाको खातामा दाखिला गरेको पाइयो ।नगरपालिकाको खातामा दाखिला गरेको मुल्य अभिवृद्धि कर रु १२६७२८१ र अग्रिम कर रु १४६२२४ संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>क्रस</th><th>ठेकेदारको नाम</th><th>भ्याट रकम</th><th>अग्रिम कर</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>विरुवा कालिगण्डकी सिद्वार्थ जे भी</td><td>८२६४८८</td><td>९५३६४</td><td>९२१८५२</td></tr>
<tr><td>२</td><td>एसियाटिक रिजाल जे भी</td><td>१६५२९७</td><td>१९०७२</td><td>१८४३६९</td></tr>
<tr><td>३</td><td>बज्रगुरु माहालक्ष्मी जे भी</td><td>२७५४९६</td><td>३१७८८</td><td>३०७२८४</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१२६७२८१</td><td>१४६२२४</td><td>१४१३५०५</td></tr>
</table></td><td>१,४१३,५०५</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>इन्धन खर्च
इन्धन खर्चको मापदण्डः सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । पालिकाले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्न तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । तोकिएको पम्पबाट ईन्धन कुपन खरिद गर्ने, नियन्त्रणका लागि कुपनको प्रयोग गर्ने तथा ईन्धन खर्चमा सिमा निर्धारण गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४७			**कर्मचारी सुविधा**	
४७.१				
४७.२			पारिश्रमिक करः आर्थिक ऐन, २०७६ को अनुसूची १ को दफा १ को क (१) अनुसार कुनै आय वर्षमा प्राकृतिक व्यक्तिको करयोग्य आयमा यस अनुसूचीको उपदफा ४ को अधिनमा रही पारिश्रमिक कर निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । ।कार्यालयले भलुहीको नम्बरी जगाको अनुगमन मुल्यांकन गरे वापत निम्न व्यक्तिहरुलाइ भुक्तानी गरेको रकममा नियमानुसार लाग्ने पारिश्रमिक कर कट्टा नगरेकोले पारिश्रमिक कर असुल गर्नुपर्ने रु क्र स | नाम | कर रकम १ | शालिग्राम लम्साल | ७८८२ २ | आजित कुँवर | ८८१०	१६,६९२
४८			**बैठक तथा अनुगमन भत्ता** अनुगमन तथा अन्य भत्ताः स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण कार्य उपाध्यक्षको संयोजकत्वमा गठित समितिबाट हुने व्यवस्था छ । समितिमा रहने पदाधिकारी सम्बन्धमा कार्यालयले कार्यविधि तयार गरी सोही अनुसार अनुगमन गरी भत्ता खर्च लेख्नु पर्दछ ।पालिकाको क्षेत्रभित्र संचालित कार्यक्रमहरुको अनुगमन राजश्व परामर्श समितिको फरफारक समिति लगायतका बैठक तथा अनुगमन गरेको भनि कार्यालयले स्थानीय निकायका पदाधिकारी सदस्य तथा कर्मचारीहरुलाइ अनुगमन तथा अन्य भत्ता भुक्तानी गरेको छ ।पालिकाले आफ्नो कार्य क्षेत्रभित्र संचालित कार्यक्रमको अनुगमन गरी आवश्यक थप निर्देशन दिनु पदाधिकारी तथा कर्मचारीहरुको नियमित कार्य क्षेत्रभित्र पर्दछ ।नियमित कार्यको अनुगमन गरेको भनि अनुगमन भत्ता लिनु नियमसम्मत नदेखिएकोले अनुगमन भत्ता तथा समितिको बैठक खर्च नियन्त्रण गर्नुपर्दछ ।	
४९			**सेवा तथा परामर्श**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४९.१			करकट्टीः आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा शुल्कको भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन शिर्षकबाट रेडियो देवदहलाई सुचना प्रकाशन गरे वापत रु १००००० भुक्तानी गरेको छ ।रेडियो देवदहले रु. २९७२१८ को सुचना प्रकाशन गरेकोमा मू.अ.कर विजक पेश भएको छैन । यस्तो विलको भुक्तानीमा १५ प्रतिशत कर कट्टा गर्नुपर्नेमा १.५ प्रतिशत मात्र कर कट्टी गरेकोले नपुग १३.५ प्रतिशतले हुने कर रु. १३५००।- असूल हुनुपर्ने रु.	१३,५००
४९.२			सफ्टवेयर खरिद -नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी न्यायिक समितिको व्यवस्थापन सम्वन्धि सफ्टवेयर खरिद गरी देहायबमोजिम रु. २५९९००।–खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।	
४९.३			आयकर ऐन २०५८ को दफा ८८ अनुसार सेवा शुल्क भुक्तानीमा १५ तथा दफा ८९ मा मुल्य अभिवृद्धि करमा दर्ता भएको भए १।५ प्रतिशतका दरले अग्रिम कर कट्टी गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ ।कार्यालयले आखाँ अस्पतालसँग सहकार्य गरि निःशुल्क मोतिविन्दु उपचार गरेवापत वुटवल लायन्स आखाँ अस्पताललाइ दिएको भुक्तानीमा विजकसमेत जारि नगरेकोले रु ३००००० को १५ प्रतिशत अग्रिम कर असुल गर्नुपर्ने देखिएको रु	४५,०००
४९.४			कर्मचारी करार– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ४९ जना कर्मचारीहरू करारमा राखी रू.१४३५५४९३ खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टिसियन, चौकिदार, माली, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेक कम्प्युटर सहायक ८ जना, प्राविधिक तर्फ ४ समेत १२ जना करार नियुक्ति गरी बर्षभरीमा रु.१६८४३१०।– भुक्तानी गरेको अनियमित देखिएको रू.	१,६८४,३१०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५०			**औषधि खरिद** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर पालिकाले बोलपत्र मार्फत मेडिगोल्ड इन्टरनेशनल प्रा.लि.बाट रु ८,३४,३७१ को औषधी खरिद गरेतापनि नेपाल सरकारको मान्यता अनुरुप खरिद गरिएको औषधीमा नेपाल सरकारबाट निशुल्क वितरणको लागि भन्ने लोगो र छाप नरहेको देखियो । तसर्थ नेपाल सरकारबाट प्राप्त अनुदानबाट खरिद गरी वितरण गरिने औषधीमा निशुल्क वितरणको लागि छाप लगाई वितरण गरिनु पर्दछ ।	
५१			**स्वास्थ्य तलबि प्रतिवेदन** निजामती सेवा ऐन, २०४९ अनुसार कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारीत गरी कर्मचारीहरुको तलब खर्च लेख्नुपर्नेमा तलबि प्रतिवेदन पारित नगरी स्वास्थ्य तर्फका कर्मचारीहरुको तलब खर्च लेखेको छ । तलबि प्रतिवेदन पारित गरी तलब खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।	
५२			**स्वास्थ्य करार** पालिकाले दरबन्दी अनुसारको पदपूर्ती गरी स्वास्थ्य सेवालाई निरन्तरता दिनु पर्दछ । तर पालिकाले स्वास्थ्य तर्फ अहेब, अनमि र कास गरी २० जना स्वास्थ्य कर्मीहरु मासिक जनही क्रमस रु २८२००, २६६१० र १३५०० का करार सम्झौता गरी सेवा दिएको देखिन्छ ।यस सन्दर्भमा पालिकाले करार कर्मचारीको सट्टा दरबन्दी अनुसारको स्थायी पदपूर्ती गरी कार्य सुचारु गर्ने तर्फ ध्यान दिनुपर्दछ ।	
५३			**स्वास्थ्य कार्यक्रम** कार्यालयबाट सञ्चालित विभिन्न तालिम कार्यक्रमहरुको प्रगति प्रतिवेदन तयार गरी लक्ष्य अनुसारको प्रगति हासिल गर्नु पर्दछ । कार्यालयले नेपाल सरकार सशर्त कार्यक्रम स्वास्थ्य तर्फ सञ्चालित अधिकांश तालिम कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरेको छैन ।जसबाट भएको खर्च र कार्यक्रम विच तादात्म्यता भएको छ भनी आश्वस्त हुन सकिएन ।	
५४			**विधालय दिवाखाजा** संघीय सशर्तको २.७.११.१ बाट विद्यालयलाई दिवा खाजा खर्च भुक्तानी गर्दा विद्यार्थीको उपस्थितीको आधारमा भुक्तानी गर्नु पर्नेमा सबै चौमासिकमा भुक्तानी गर्दा विद्यालयको कुल विद्यार्थी संख्यालाई आधार लिई खाजा खर्च भुक्तानी दिनु पर्दछ । पालिकाले फल्यास रिपोर्टको आधारमा विधालयहरुलाई एकमुष्ट ८० दिनको पेश्की दिएको देखिन्छ । पालिकासंग छलफल गर्दा विधालयले पेश्की फछ्यौट गर्दा निम्न बमोजिम फिर्ता गर्नुपर्ने बचत रकम फिर्ता नगरी अर्को आ.व.मा दिवा खाजाको निकासा दिदां बचत रकम घटाएर निकासा दिएको अनियमित देखिएको रु	१,३९७,२९७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
			विधालयको नाम	आ.व.२०७७।७८ को बचत मौजदात	आ.व.२०७८।७९ मा निकासा माग	आ.व.२०७८।७९ मा बचत घटाएर निकासा दिएको रकम	कैफियत	
			खडग मा वि	५३६००	८९६१०	३६०१०	असोज देखि मंसिर	
			सरस्वती मा वि	३४९५	७९०६५	७५५७०	असोज देखि मंसिर	
			प्रगति मा वि	८०८५०	१५०३००	६९४५०	असोज देखि मंसिर	
			युगज्योति मा वि	६१००५	२६५४७०	२०४४६५	असोज देखि मंसिर	
			जनप्रिय मा वि	६९७००	११७७३५	४८०३५	असोज देखि मंसिर	
			जनता नि मा वि	८८६५०	१३४१९०	४५५४०	असोज देखि मंसिर	
			सुकुन्धरादेवी प्रा वि	२८४३५	९१५००	६३०६५	असोज देखि मंसिर	
			लक्ष्मि प्रा वि	५६७६०	६९२५५	१२४९५	असोज देखि मंसिर	
			साई बाबा विधापिठ	०	५६३१०	५६३१०	असोज देखि मंसिर	
			उदय प्रा वि	१३५००	२५९३५	१२४३५	असोज देखि मंसिर	
			कालिका प्रा वि	०	७६८३०	७६८३०	असोज देखि मंसिर	
			संदिप प्रा वि	१३१८५	५१२४०	३८०५५	असोज देखि मंसिर	
			व्यास प्रा वि	२२११०	३३८७०	११७६०	असोज देखि मंसिर	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
			जनकल्याण प्रा वि	१५२५५	४४२२०	२८९६५	असोज देखि मंसिर	
			मदरसा इ.अ.सु.ग.व	१०७५५	१०२७६५	९२०१०	असोज देखि मंसिर	
			सिक्टहन मा वि	१११९४५	१५८५६५	४६६२०	कार्तिक र मंसिरको	
			पेटबनिया सा.आ.वि	१७२०५	५१०६०	३३८५५	असोज देखि मंसिर	
			शान्ति प्रिय प्रा वि	४९२०	५६२५०	५१३३०	असोज देखि मंसिर	
			भविष्य निर्माण मा वि	७६२६२			अहिले सम्म माग नआएको	
			केरवानी मा वि	१६८३००			अहिले सम्म माग नआएको	
			देवदह मा वि	१७५००			अहिले सम्म माग नआएको	
			जनता मावि	२०७००			अहिले सम्म माग नआएको	
			सिता मा वि	१६३५६०			अहिले सम्म माग नआएको	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

शंकर नि मा वि	१५७०४५			अहिले सम्म माग नआएको
फुलवारी प्रा वि	५२१७०			अहिले सम्म माग नआएको
कोटही नि मा वि	३१८३०			अहिले सम्म माग नआएको
ज्ञानज्योति मा वि	५८५६०			अहिले सम्म माग नआएको
जम्मा	१३९७२९७	१६५४१७०	१००२८००	

५५

प्रधानमंत्री रोजगार कार्यक्रम

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छ तर बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला भएको यकिन नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्वेश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा निम्न कार्यक्रम सञ्चालन गरी यस वर्ष रु २७१५९७८ खर्च गरेको छ ।

सि.नं.	कार्यक्रम	श्रमिकको	औषत काम गरेको	खर्च रकम

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

		संख्या	दिन	
1	लक्ष्मि आधारभुत विधालय अगाडीको प्रतिक्षालयबाट उत्तर जाने बाटोको दायाँबायाँ बाटोमा नाली निर्माण	१४	९५	७१३१२०
2	गुरुङ चिहान डाडादेखि हरिलाल भट्टराईको घरसम्म २० फुटे बाटो र दोहोरोनाला खनेर माटोपटान्न	११	१००	५६८७००
3	केश बहादुरको गुरुङको घरदेखि शान्तिचोकसम्म दुबैतर्फ नाली खन्ने तथा बाटो मर्मत	१८	१००	९३०६००
4	महामाया सामुदायिक वनमा देवदह बुलबुले तालको पोखरी खन्ने कार्य	२४	३५	४४४६२०
5	प्रेमपथ नागथान तर्फ जाने बाटोमा नाला निर्माण ३०० मि	६	१९	५८९३८
जम्मा				२७१५९७८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५६			**शिर्षक फरक पारी खर्च** एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४अनुरुप खर्च संकेत प्रयोग गरी खर्च लेख्नु पर्दछ ।नमूना छनौटका आधारमा श्रेष्ताको जाँच गर्दा नगरपालीकाले निम्नानुसारका कारोवारमा खर्च संकेत फरक पारेर खर्च गरेको पाईएकोले नियमानुसार नभएको रु	२,४६५,३२७

भौ.न.\मिति	खर्च शिर्षक	गरेको कार्य	भुक्तानी पाउने	रकम
५३-०७७।९।१०	विपद व्यवस्थापन	डिप बोरिङ्ग मर्मत	देबिस्थान डिप बोरिङ्ग सिचाई उ स	१०००००
७५-०७७।१०।१२	विपद व्यवस्थापन	अपाङ्ग दिवस मनाए वापत	अरुण भट्टराई	९८२००
७६-०७७।१०।१९	विपद व्यवस्थापन	बाटोको मर्मत	समर्थ कन्स्ट्रक्सन प्रालि	१२५६८७
७९-०७७।११।१३	विपद व्यवस्थापन	उन्नत धानको बिउ खरिद र वितरण	केरवानी पशु तथा कृषि फर्म	७४७४४०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
				१०१-०७७।११।२०	विपद व्यवस्थापन	नाली निर्माण कार्य	देबी विकास बैंकदेखि बुद्धचोक उ स	४००००		
				१०७-०७७।१२।२४	विपद व्यवस्थापन	बाटो निर्माण	गौरीचोक हुदै वडा कार्यालय जाने बाटो उ स	३८८०००		
				१३९-०७८।३।१	विपद व्यवस्थापन	जनप्रिय मावि रंगरोगन गर्ने कार्य	जनप्रिय मावि	१५००००		
				१४९-०७८।३।७	विपद व्यवस्थापन	सिचाई नहर निर्माण	सरनवारी सिचाई निर्माण उ स	२९१०००		
				१५१-०७८।३।८	विपद व्यवस्थापन	आरसिसि ढलान	लक्ष्मिथापाको घरतर्फ सडक ढलान उ स	१०००००		
				१५९-०७८।३।१३	विपद व्यवस्थापन	कुलो मर्मत	वडा नं. ८ र ४ को कुलो मर्मत उ स	५००००		
				१६०-०७८।३।१४	विपद व्यवस्थापन	अधिवेशन गर्न	राष्ट्रिय दलित पत्रकार संघ	२५०००		
				१६४-०७८।३।१८	विपद व्यवस्थापन	सिचाई योजना	कोलुवा सोइया सिचाई योजना उ स	१५००००		
				१६८-०७८।३।२०	विपद व्यवस्थापन	खानेपानी मुहान मर्मत	उजेरी खानेपानी मुहान मर्मत तथा पाइप खरिद उ स	२०००००		
				जम्मा				२४६५३२७		
५७			**शिक्षकलाई तलब बढी भुक्तानी** शिक्षकको तलब निकासा दिँदा माग फारामको आधारमा चेक जाँच गरी दरबन्दी अनुसारको तलब भत्ता भुक्तानी गर्नुपर्दछ । पालिकाले माहामाया मा.वि.लाई तेस्रो चौमासिक अन्तर्गत वैशाखदेखि असारसम्मको निकासा दिदां यमुना पाठकलाई तलबि प्रतिवेदन अनुसार तलब र ग्रेड सहित मासिक रु ३१९३२ भुक्तानी हुनुपर्नेमा मासिक रु ३२८१९ भुक्तानी भएको देखिन्छ । यसरी बढी निकासा भएको मासिक रु ८८७ का दरले ३ महिनाको बढि निकासा असुल गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु							२,६६१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५८			**सामाजिक सुरक्षा** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । कार्यक्रम सञ्चालन कार्यविधिमा भएको व्यवस्था गाउँपालिकाले पालनामा ध्यान दिनुपर्दछ ।	
५९			**लाभग्राहीको लगत अध्यावधिक गर्नुपर्ने** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ ।तर पालिकाले कार्यविधिमा उल्लेख भएको कुरा पालना गरेको नपाईएकोले कार्यविधि पालनामा ध्यान दिनुपर्छ ।	
६०			**सोझै खरिद** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१)अनुसार रु ५ लाख रुपैया सम्म लागत अनुमान भएको मालसामान, नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थाबाट एकपटक भन्दा बढि सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ । नगरपालिकाले जस्मिन हाइजन प्रोडक्टसबाट स्यानेटरी प्याड वजार मुल्यमा सोझै खरिद गरि रु १५००००० भुक्तानी गरेको छ । खरिद प्रक्रिया अपनाएर मात्र स्यानेटरी प्याड खरिद गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६१			अनुगमन तथा सम्परीक्षण	

अनुगमन तथा सम्परीक्षण–स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

(रु हजारमा)

गत वर्षसम्मको बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)
७३१७०	९७२६	६३४४४

यस वर्ष फछ्यौंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

सि.नं.	आ.व.	वेरुजु दफा नं.	वेरुजुको संक्षिप्तव्यहोरा	फछ्यौंटकोआधार				सम्परीक्षण
				असुली	प्रमाण	नियमित	पेश्की	
१	२०७५।७६	४०	सि एम माँ गायत्री जे भि को रु २००००० र देउराली निर्माण सेवाको रु२४०००० पेश्की वाँकी फछ्यौट गर्नुपर्ने				पे फ	२२४००००
२	०७६।७७	५.२.१४	स्वयमसेविकाहरुलाइ सम्मान गरेको भरपाई पेश गर्नुपर्ने		प्रमाण पेश			१०००००
३	०७६।७७	५.२.१०	अनुग्रह कृषि सहकारी संस्थाको विउ विजनको खरिदको विल पेशगर्नुपर्ने		प्रमाण पेश			१०००००
४	०७६।७७	१६.११	देवदह स्वास्थ्य चौकीलाइ दिइएको विल भरपाइ पेश गर्नुपर्ने		प्रमाण पेश			४००००
५	०७६।७७	५.२.१६	तिलोत्तमा अर्गानिक फर्मलाइ मल उपलब्ध गराएको भरपाइ पेश गर्नुपर्ने		प्रमाण पेश			५८५००
६	०७६।७७	५.२.११	खर्चको प्रमाण पेश गर्नुपर्ने		प्रमाण पेश			८०००००
७	०७६।७७	५.२.१८	केशवराज गिरिलाइ भिटामिन ए क्याप्सुल वितरण गर्न दिएकोमा भरपाइ पेशगर्नुपर्ने		प्रमाण पेश			२४०००
८	०७६।७७	५.२.१३	महिला स्वयंसेविकालाइ यातायात खर्चको भरपाइ पेश गर्नुपर्ने		प्रमाण पेश			४९९२००
९	०७६।७७	11.४(ग)	बढी भुक्तानि	असुली				१००००
१०	०७६।७७	१६.१३, १४,१५,१६, १७	सामाजिक सुरक्षा	असुली(५१८८९००)			पे फ	५३५४५००
११	०७५।७६	४०	श्रास्वत कन्स्ट्रक्सन पेश्की वाँकी				पे फ	५०००००
								९७२६२००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६२			अद्यावधिक वेरुजु **अद्यावधिक वेरुजु -**यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ (रु हजारमा)	

गत वर्षसम्मको बाँकी बेरुजू(A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	यो वर्ष कायम बेरुजू (C)	संपरीक्षणबाट कायम बेरुजू (D)	अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D)
७३१७०	९७२६	२४०१९	०	८७४६३